# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-७८

# Overview of Weekly Media Study Vol. 78


नेपाल संवाद केन्द्र

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


PDF पठ्नका लागि QR Scan गर्नुहोस

मिति : २०८३ साउन ०३, आइतबार

नेपाल संवाद केन्द्रद्वारा **२०८३ असार २९ देखि साउन ०३** गतेसम्म प्रकाशित समाचार, विचार, विश्लेषण तथा सम्पादकीय सामग्रीको अध्ययनले नेपाली सञ्चारमाध्यमले राष्ट्रिय सरोकारका विविध विषयलाई सन्तुलित, जिम्मेवार र बहुआयामिक ढङ्गले प्रस्तुत गरेको छ। यस अवधिमा सांस्कृतिक सम्पदाको संरक्षण, धार्मिक आस्था, पर्यटन प्रवर्द्धन, शिक्षा, सुशासन, लोकतान्त्रिक अभ्यास, आर्थिक सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित विषयहरू सार्वजनिक बहसका प्रमुख केन्द्र बनेका छन् ।

अध्ययन अवधिमा जगन्नाथ रथयात्रा, शान्त मन, सुन्दर सम्बन्ध : ब्रह्मविहारको सन्देश, साउने संक्रान्ति, गुप्तनवरात्र, भानुजयन्ती, पशुपतिनाथमा भक्तजनको उपस्थिति, मगर समुदायको साउने सकराई, बुद्धका चार आर्यसत्य, सिंजा संस्कृति, झिरझिरी काँडा संस्कृति, मानवता र अध्यात्म, जलवायु वित्तको स्थानीयकरण तथा अमेरिकामा भानुभक्तको सालिक स्थापना जस्ता विषयले नेपालको सांस्कृतिक विविधता, धार्मिक सहिष्णुता र ऐतिहासिक सम्पदाको महत्वलाई उजागर गरेका छन् । भानुभक्तको प्रेरणास्थल 'घाँसीकुवा' संरक्षणको विषयले सांस्कृतिक सम्पदाप्रति राज्य र समाज दुवैको उत्तरदायित्वलाई थप गम्भीर रूपमा स्मरण गराएको छ। पर्यटनका क्षेत्रमा पनि सञ्चारमाध्यमले सकारात्मक सम्भावनालाई प्राथमिकता दिएका छन् । जनकपुरधामको धार्मिक पर्यटन, अन्नपूर्ण क्षेत्रमा बढ्दो पर्यटक आगमन, ठमेल पर्यटन विकास परिषद्को नयाँ नेतृत्व, हिमाली पर्यटन, लिमी तथा रामकोटजस्ता गन्तव्यको प्रवर्द्धनले नेपालको पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेका छन् । पर्यटनलाई दिगो, व्यवस्थित र स्थानीय समुदायसँग जोडेर विकास गर्न सके यसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने स्पष्ट संकेत देखिएको छ ।

अर्कोतर्फ, नेपाल-भारत ऊर्जा सहकार्य, विद्युत् निर्यात, कूटनीतिक भेटवार्ता, लोकतन्त्रको सुदृढीकरण, सूचनाको हक, कानुनी शासन, नागरिक सहभागिता, आर्थिक सुधार, निजी क्षेत्रसँग सरकारको संवाद, उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक न्यायका विषयले लोकतान्त्रिक शासन प्रणालीलाई थप प्रभावकारी र उत्तरदायी बनाउने आवश्यकतामाथि जोड दिएका छन्। लोकतन्त्र केवल राजनीतिक अभ्यासमा सीमित नभई नागरिकको अधिकार, पारदर्शिता, जवाफदेहिता र सुशासनसँग जोडिएको प्रणाली हो भन्ने सन्देश अध्ययन अवधिका सामग्रीले प्रवाह गरेका छन् । यसैगरी, शिक्षा, सामाजिक चेतना, लैङ्गिक समानता, बालबालिकाको राजनीतिक शिक्षा, सांस्कृतिक मूल्य, व्यवसायिक वातावरण र युवाको उद्यमशीलतासम्बन्धी बहसहरूले समावेशी विकासका लागि नीति, व्यवहार र जनसहभागिताबीच सन्तुलन आवश्यक रहेको देखाएका छन् । सञ्चारमाध्यमले यस्ता विषयलाई निरन्तर उठाएर नीति निर्माण, सार्वजनिक बहस र जनचेतना अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

समग्रमा, यस साताको मिडिया अध्ययनले नेपालको विकासलाई आर्थिक वृद्धिमा मात्र सीमित नराखी सांस्कृतिक संरक्षण, गुणस्तरीय शिक्षा, सुशासन, लोकतान्त्रिक मूल्य, प्रभावकारी कूटनीति, दिगो पर्यटन र सामाजिक उत्तरदायित्वसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ । समृद्ध, सक्षम र आत्मनिर्भर नेपालको निर्माणका लागि राज्य, नागरिक समाज, निजी क्षेत्र र सञ्चारमाध्यमबीच प्रभावकारी सहकार्य आवश्यक छ । तथ्यपरक, सन्तुलित र उत्तरदायी पत्रकारितामार्फत राष्ट्रिय हितका विषयलाई निरन्तर प्राथमिकतामा राख्नु आजको समयको अपरिहार्य आवश्यकता बन्न पुगेको देखिन्छ ।

**Date: 2083 Shrawan 03, Sunday**

## Weekly Media Study Summary – 78

A study of the news, opinions, analyses and editorials published by Nepal Samwad Kendra from **Asar 29 to Shrawan 03, 2083 B.S.** indicates that the Nepali media has been addressing issues of national concern in a balanced and responsible manner. During the review period, the preservation of cultural heritage, tourism promotion, educational reform, good governance, democratic practices, economic transformation and international relations emerged as the major areas of public discourse.

In particular, issues related to Pashupatinath, the Bagmati Civilization, Sanskrit education, Sakela, Chyabrung, Bhanu Jayanti, religious forests and the Nepal Festival once again highlighted the need to preserve and promote Nepal's unique cultural identity. News related to the upcoming World Hindu Economic Forum Conference**,** the Kailash–Mansarovar pilgrimage and tourist destinations such as Langtang, Dhorpatan, Syangja, Darmija and other destinations underscored the potential of linking cultural heritage and tourism with economic prosperity. Likewise, discussions on the Nijgadh International Airport, mountaineering management and the expansion of tourism infrastructure emphasized the need for a long-term and sustainable tourism policy.

In the field of education, debates on the revival of Sanskrit education, the management of special education teachers, reforms at Tribhuvan University, the leadership of Lumbini Buddhist University, the strategic direction of higher education and international education highlighted the challenges of building a quality and competitive education system. Similarly, issues concerning energy, data centers, the economy, dialogue with the private sector and legal reforms conveyed the message that effective coordination among policy, investment and good governance is essential for economic transformation.

In the diplomatic and political sphere, discussions on Nepal–India relations, parliamentary dignity, constitutional amendment, the protection of the federal system, social democracy, the elimination of caste-based discrimination, integrity policies and good governance demonstrated the need for serious discourse to improve the quality of democracy. These debates also indicated that the goals of inclusive development cannot be achieved without strengthening the credibility, transparency and accountability of democratic institutions.

Overall, this week's media study emphasized that Nepal's development journey should not be viewed solely from an economic perspective but must also be understood through its cultural, educational, social and diplomatic dimensions. The study suggests that only by giving equal priority to the preservation of national heritage, effective governance, quality education, inclusive democracy and sustainable economic development can Nepal build a prosperous, capable and self-confident nation. In this regard, the media must continue to play a constructive role in guiding society through factual, balanced and responsible journalism.

## २०८३ असार २९ गतेदेखि साउन ०३ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### जगन्नाथ रथयात्रा महामहोत्सव हुँदै

काठमाडौँमा ऐतिहासिक जगन्नाथ रथयात्रा महामहोत्सव आयोजना भएको छ । बिहीबार नेपाल अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ (इस्कोन) नेपालद्वारा महामहोत्सव आयोजना गरिएको हो । धार्मिक आस्था, भक्ति र सांस्कृतिक विविधताले भरिएको यस रथयात्रामा हजारौँ भक्तजनहरूको उत्साहपूर्ण सहभागिता रहेको छ । कार्यक्रम कमलादीबाट सुरु भई घण्टाघर, दरबारमार्ग, पुतलीसडक, प्रदर्शनी मार्ग, भद्रकाली, एनएसी, न्युरोड, वसन्तपुर हुँदै पुनः न्युरोडमार्गबाट टुँडिखेलमा समापन गरिनेछ । बाँकी...

स्रोत : **https://www.samwadkhabar.com/news/14322**

### काठमाडौंमा जगन्नाथ रथयात्रा

ऐतिहासिक जगन्नाथ रथयात्रा महामहोत्सव आयोजना गरिएको छ । नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ इस्कोनको आयोजनामा बिहीबार काठमाडौंको कमलादीबाट टुँडिखेलसम्म जगन्नाथ रथयात्रा आयोजना गरिएको हो । रथयात्रा महोत्सवका क्रममा भक्तजनहरू भगवान्को नाममा कीर्तन गरेर आराधना गरी हर्षोल्लासपूर्ण विधिले उत्सव मनाउने गरिन्छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976847/historical-jagannath-rath-yatra-photos**

### शान्त मन, सुन्दर सम्बन्ध : ब्रह्मविहारको सन्देश

**"ब्रह्मविहार भन्नाले यस्तो जीवनशैली जनाउँछ, जहाँ मन संकुचित स्वार्थ, रिस, ईर्ष्या र घृणाबाट माथि उठेर विशाल, उदार र करुणामय बन्छ"**

आजको डिजिटल युगमा हामी हजारौँ मानिससँग जोडिएका छौँ । सामाजिक सञ्जाल, प्रविधि र सञ्चारका माध्यमले संसारलाई हाम्रो हातमै ल्याइदिएका छन् । तर विडम्बना के छ भने, यति धेरै सम्बन्धका बीच पनि धेरै मानिसले मनको गहिराइमा एक्लोपन, असन्तोष र भावनात्मक रिक्तता महसुस गरिरहेका छन् । तनाव, सामाजिक द्वन्द्व, असुरक्षा र मानसिक अशान्ति आजका साझा चुनौती बनेका छन् । बाहिरबाट हेर्दा सुख-सुविधाको चाङ देखिए पनि भित्रभित्रै शान्ति र सन्तुष्टिको खोजीमा हामीमध्ये धेरै भौंतारिरहेका छौँ । बाँकी... स्रोत : **https://www.triratnasanchar.com/2128**

### स्नान, दान, लुतो फाल्ने परम्परा र शिव आराधनासहित देशभर साउने संक्रान्ति पर्व मनाइँदै

आज साउने संक्रान्ति पर्व देशभर परम्पराअनुसार स्नान, दान, आफन्तसँगको भेटघाट तथा विभिन्न सांस्कृतिक र धार्मिक गतिविधिसहित मनाइँदै छ । सूर्यले मिथुन राशिबाट कर्कट राशिमा प्रवेश गर्ने दिनलाई साउने संक्रान्तिका रूपमा मनाउने परम्परा छ । यसै दिनदेखि सूर्यको दक्षिणायन यात्रा सुरु हुने धार्मिक विश्वास रहेको छ । माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनलाई हिन्दू धर्मावलम्बीहरूले विशेष महत्वका साथ मनाउने गर्दछन् । बाँकी...

स्रोत : **https://nepalnews.com/2026/07/17/saune-sankranti-festival-being-celebrated-across-the-country-with-bathing-donations-the-tradition-of-throwing-stones-and-worshipping-shiva-photo-feature/**

## बुद्धका चार आर्यसत्य

मानव जीवनको युवावस्था भनेको ऊर्जा, सम्भावना र सपनाको सङ्गम हो । यही युवावस्था अनगिन्ती प्रश्न, अन्योल र आन्तरिक द्वन्द्वले थिचिएको पनि हुन्छ । हामी किन यति अस्थिर छौँ ? सफलता नजिक किन देखिँदैन ? मनमा शान्ति कसरी आउँछ ? वर्तमानमा युवावर्गका साथी बनेका छन् यी प्रश्न । पढाइको तनाव, रोजगारीको अनिश्चितता, लक्ष्यको अन्योल एवं अनेकन जटिलताका कारण जोस र सिर्जनाको खानी बन्नुपर्ने युवा भित्रभित्रै थलिएका देखिन्छन् । जीवन र जगत्लाई बुझ्ने र यसका कैयन जटिलताबाट मुक्ति पाउने उपायको खोजीमा युवा भौँतारिइरहेका छन् । हो यस्तै बेला गौतम बुद्धका 'चार आर्यसत्य' ज्ञान हर समस्या समाधानको अचुक वाण बन्न सक्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/214870**

## यसरी सुरु भयो साउने संक्रान्तिका दिन लुतो फाल्ने चलन

आज साउन १ गते साउने संक्रान्ति अनि नेपाली गाउँघरमा लुतो फाल्ने दिन पनि । असारभर खेतीपाती गर्दा हिलोका कारण लाग्न सक्ने छालासम्बन्धी रोगबाट बचाउने विश्वासमा लुतो फाल्ने चलन चलेको बुढापाकाहरु बताउँछन् । यसको एकातिर सांस्कृतिक महत्वको पर्व हो भने अर्कोतिर मानव स्वास्थ्यको लागि महत्वपूर्ण वनस्पति रक्षा गर्ने एउटा माध्यम पनि हो । तर हिजोआज लुतो फल्ने चलन कम भएसँगै यी वनस्पतिको संरक्षण पनि हुन नसकेको देखिन्छ । बाँकी...

स्रोत : **https://www.madanibeat.com/2026/07/17/114536/,**

स्रोत : **https://ehimalayatimes.com/2023/07/137359/**

स्रोत : **https://shilapatra.com/detail/190548,**

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977187/today-is-sawan-sankranti-crowds-flock-to-shiva-temple,** स्रोत : **https://himalpress.com/2026/07/what-is-celebrated-today-on-the-occasion-of-the-sankranti-festival/,** स्रोत : **https://prasashan.com/2026/07/17/783582/?**

स्रोत : **https://www.ratopati.com/story/577934/today-is-the-festival-of-sankranti**

## साउनसँगै बैतडीका मन्दिरमा आस्थाका बत्ती

साउन महिना सुरु भएसँगै बैतडीका मन्दिरमा आस्थाका बत्ती बल्न थालेका छन् । बिहानैदेखि मन्दिर पुग्ने भक्तजन, साँझपख बल्ने दियो र रातभर गुञ्जिने भजनकीर्तनले जिल्लाका धार्मिकस्थलमा विशेष रौनक थपिएको छ । सुदूरपश्चिमका पहाडी जिल्लामा साउनलाई 'बत्ती बाल्ने महिना'का रूपमा लिने परम्परा छ । यस अवधिमा देवीदेवताका मन्दिर तथा शक्तिपीठमा बत्ती बाल्ने, पूजाआजा गर्ने, भजनकीर्तन गर्ने र रातभर जाग्राम बस्ने चलन रहिआएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/214723**

## असार ३१ गतेदेखि श्रावण ७ गतेसम्म गुप्तनवरात्र

सनातन धर्ममा शक्ति उपासनाको विशेष महत्व छ । वर्षभरि पर्ने चारवटा नवरात्रमध्ये सर्वसाधारणमा असोजको शारदीय नवरात्र र चैतको वासन्ती नवरात्र निकै लोकप्रिय छन् । तर, यी बाहेक वर्षमा दुईवटा यस्ता नवरात्र पनि पर्छन्, जसको बारेमा धेरैलाई कमै मात्र जानकारी हुन्छ । ती हुन्– माघ र आषाढ महिनामा पर्ने 'गुप्त नवरात्र'। यस वर्ष असार ३१ गतेदेखि श्रावण ७ गतेसम्म आषाढ गुप्त नवरात्र मनाइँदैछ । बाँकी... स्रोत : **https://www.samwadkhabar.com/news/14316**

## आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती मनाइयो, तस्बिरहरू

आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती आज देश तथा विदेशमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै छ । यसैक्रममा राजधानी काठमाडौँमा प्रभातफेरिको आयोजना गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठान परिसरमा रहेको आदिकवि भानुभक्तको प्रतिमामा पनि माल्यार्पणसहित विशेष कार्यक्रमको आयोजना गरिएको हो । संस्कृत भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर भानुभक्तले नेपालीलाई ठुलो गुन लगाएका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/576861/213th-birth-anniversary-of-ancient-poet-bhanubhakta-acharya-celebrated-photos**

## आज २१३ औं भानुजयन्ती : भानुभक्तको प्रेरणास्थल 'घाँसीकुवा' मासिने खतरा

भानुभक्त आचार्यलाई आदिकवि बनाउने प्रेरणा स्थल घाँसी कुवा अलपत्र छ। आज २१३ औ भानुजयन्ती मनाइरहँदा भानुको र घाँसीको शालिक र घासीले खनेको कुवा अलपत्र छ। अर्थात् भानु-घाँसी स्मारक पार्क खतरामा रहेको छ। अब पहिलाको जस्तो कहिल्यै बन्न सक्ने अवस्था छैन। घासीले बनाएको जस्तै कुवा अब कहिल्यै देख्न पाइँदैन । शालिक रहन्छ कि रहँदैन भन्न सकिँदैन । कुँवा घासीलेनै बनाएको स्थानमा रहनेछैन । अब घासीकुवा करिब १० फिट पर बन्ने छ। यस्तो अवस्थाले गर्दा ती सबै संरचना संरक्षणको पर्खाइमा छ। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/13/777186/**

स्रोत : **https://www.ratopati.com/story/576868/bhanubhakta-acharya-unified-the-sentiments-of-nepalis-through-language-and-literature-foreign-minister-khanal**

स्रोत : **https://www.ratopati.com/story/576847/contribution-of-the-ancient-poet-bhanubhakta-acharya-to-the-development-of-the-nepali-language**

## ओखलढुङ्गाको सुनकोशीमा शैक्षिक सामग्री वितरण

ओखलढुङ्गा, सुनकोशी गाउँपालिकाका दुई विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ। सेवा र विकासका लागि युवा संस्थाको आयोजनामा सम्पन्न कार्यक्रममा सुनकोशी गाउँपालिका-९, कोषभञ्ज्याङस्थित श्री कालिका माध्यमिक विद्यालय तथा सुनकोशी गाउँपालिका-१०, कटुन्जेस्थित श्री त्रिवेणीधाम गुरुकुल संस्कृत आधारभूत विद्यालयका विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्री वितरण गरिएको हो । बाँकी...

स्रोत : **https://www.samwadkhabar.com/news/14315**

## मगर समुदायले मनाए साउने सकराई

मगर समुदायले साउन १ गते मौलिक पर्व राके सकरातीमा लुतो फाल्ने र आगो पानी भूमि पूजा गर्ने, दमाहा बाजा बन्द गर्ने गर्दछन् । सकरातीको दिनदेखि नै मादल बाजा फुकाउने र नयाँ नाच पैस्यारु, सिङगारु, सरङ्या नाचको आरम्भ गर्ने परम्परा रहेको छ । साउन १ मा असारे वर्षात तथा हिलोबाट लाग्न सक्ने रोगबाट जोगिन लुतो फाल्ने प्रचलन छ। फलफूल, नैवेद्य चढाएर कण्डारक नामक राक्षसको पूजा गर्नाले दाद, लुतो, खटिराजस्ता छालाजन्य रोगबाट बच्न सकिने विश्वास मगर समाजमा रहिआएको छ । कार्यक्रमको अवसरमा सरङङ्या, पैस्यारु, भुम्या, जोरा नाच, रोटी अचार प्रतियोगिता, लोक दोहरी, लुतो फाल्ने लगायतको कार्यक्रम गरिएको थियो । बाँकी...

स्रोत : **https://www.sajhakhabar.com/2022/07/17/136856/**

## साउने सङ्क्रान्ति मनाइँदै

सौरमास अनुसार प्रत्येक वर्ष साउन १ गते मनाइने साउने (कर्कट) सङ्क्रान्ति पर्व आज देशभर स्नान, दान एवं आफन्त जम्मा भई रमाइलो गरेर मनाइँदैछ। सूर्यले मिथुन राशिको भोग पूरा गरी कर्कट राशिमा प्रवेश गर्ने पहिलो दिन आज देशभर साउने सङ्क्रान्तिका रुपमा मनाउने प्राचीन परम्परा छ। साउनदेखि नै सूर्य दक्षिण हुँदै हिँड्ने भएकाले आजैदेखि दक्षिणायन सुरु हुन्छ । माघ १ गते सुरु हुने उत्तरायण र साउन १ गते सुरु हुने दक्षिणायनका दिनलाई विशेष रुपमा मनाइन्छ । अधिकांश नेपाली खेतीमा लाग्ने भएकाले असार महिनाभर कृषि कर्ममा व्यस्त हुन्छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2022/07/1158741/**

## साउने संक्रान्ति : पशुपतिनाथ मन्दिरमा भक्तजनको बाक्लो उपस्थिति

साउन महिनाको पहिलो दिन अर्थात् साउने संक्रान्तिका अवसरमा आज काठमाडौँको पशुपतिनाथ मन्दिरमा भक्तजनहरूको ठुलो भीड लागेको छ । वैदिक सत्य सनातन हिन्दु धर्मावलम्बीहरूका लागि विशेष धार्मिक महत्त्व बोकेको साउन महिनाको सुरुवातसँगै भगवान् शिवको पूजा (आराधना गर्न बिहानैदेखि श्रद्धालुहरूको घुइँचो लागेको हो । साउन महिनालाई भगवान् शिवको प्रिय महिनाका रूपमा लिइने हुनाले यस दिन पशुपतिनाथको दर्शन गर्न टाढा (टाढादेखि भक्तजनहरू पशुपति क्षेत्र पुगेका छन् । बाँकी... स्रोत : **https://www.samwadkhabar.com/news/14326**

## पशुपतिनाथ लगायत देशभरका शिवालयमा भक्तजनको लर्को

साउन महिना सुरु भएसँगै बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको घुइँचो बढेको छ । साउने सङ्क्रान्तिका दिन बिहान झरीकाबीच पनि पशुपतिनाथ मन्दिरमा भक्तजनको लर्को लागेको पशुपति क्षेत्र विकास कोष संस्कृति महाशाखाका निमित्त प्रमुख अरुण विसेटले जानकारी दिए । साउन महिना भगवान् शिवको महिना भएकाले यो महिनामा धेरै भक्तजन पशुपतिनाथलगायत देशभरका शिवालयमा पूजा, आराधना एवं दर्शनका लागि आउने गर्छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/578072/devotees-throng-pashupatinath-and-other-shiva-temples-across-the-country**

## माझखण्डको महारुद्रेश्वर र साउने सन्देश

नेपाली महिनाहरूको नाम नक्षत्रका आधारमा राखिएको छ । २७ नक्षत्रमध्ये १२ वटा नक्षत्रलाई १२ महिनाका नामका लागि छानिएको हो । हिन्दू चन्द्रसौर पात्रोमा पूर्णिमाका दिन चन्द्रमा जुन नक्षत्रमा रहन्छ, त्यसैका आधारमा महिनाको नाम निर्धारण गरिन्छ। यसकै आधारमा वर्षका १२ वटै महिनाका आ-आफ्नै विशेषता छन् र त्यही विशेषताअनुसार महिनाको नामकरण गरिएको हो । पूर्वीय दर्शनका अनुयायीहरू साउनलाई पवित्र महिनाका रूपमा मान्छन् । साउन महिनालाई महादेवको महिना पनि भन्ने गरिन्छ। साउन महिनाको पूर्णिमा श्रवण नक्षत्रमा पर्छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/578211/maharudreshwar-of-majhkhand-and-the-message-of-saune**

## राज्य सञ्चालन संस्कृति

'प्याराडाइम सिफ्ट' भन्नाले कुनै विषयलाई हेर्ने परम्परागत सोच, कार्यशैली वा प्रणालीलाई आधारभूत रूपमा परिवर्तन गरी नयाँ दृष्टिकोण, नयाँ संरचना र नयाँ अभ्यास स्थापित गर्नु हो । यो सामान्य सुधार मात्र होइन, खेलकै नियम बदल्ने परिवर्तन हो । पुरानो सोचभित्र सानातिना सुधार गर्दै अघि बढ्नु एउटा विषय हो भने पुरानै सोच र कार्यपद्धतिको सीमालाई स्वीकार गर्दै नयाँ बाटो रोज्नु बिलकुलै फरक हो । दोस्रो अवस्थालाई नै 'प्याराडाइम सिफ्ट' भनिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/215017**

## सिंजा संस्कृति झल्काउने जुम्लाको भुइँकाफल टिप्ने चलन

बिहानको घाम पाटनसम्म आइपुगेको थिएन । गाउँका गोरेटाहरूमा चहलपहल सुरु भइसकेको थियो । कसैले निगालोबाट बुनेको डोको बोकेका थिए, कसैले प्लास्टिकको झोला । युवतीहरू हाँस्दै उकालो चढ्दै थिए । युवाहरू उनीहरूलाई पछ्याइरहेका थिए । सबैको गन्तव्य एउटै थियो-जंगलको बीचमा राताम्मे भएर पाकेको भुइँकाफल टिप्ने । जुम्लाको सिँजा क्षेत्रमा असारको अन्तिम दिन बिहान हरेक वर्ष यस्तै देखिन्छ । यो केवल जंगली फल टिप्ने दिनमात्र होइन, पुस्तौँदेखि जोगिएको संस्कृतिसँग भेट हुने दिन हो । असारको अन्तिम दिन यहाँका युवायुवती पाटन गएर देउडा खेल्ने, चड्किला गाउने गर्छन् । गीतबाटै मायाप्रेमका कथा पोख्छन् । कतिपय प्रेमकथा यहींबाट सुरु हुने गर्छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/feature/2026/07/17/17842895897334850.html**

## विश्वको अतुलनीय ङातापोल्हँ : आधुनिक विश्वको रहस्यमय आश्चर्य

स्पेनका राजारानीको सहयोगमा यात्रा गर्दै सन् १४९२ मा इटालीका साहसी नाविक क्रिस्टोफर कोलम्बसले अमेरिकाको भूमि पत्ता लगाएको मानिन्छ । उनले अमेरिका पत्ता लगाउनुभन्दा हजारौं वर्षअघिदेखि नै अमेरिकामा आदिवासी रेड इन्डियनहरू बसोबास गर्दै आएको इतिहास छ । विभिन्न कालखण्डमा अमेरिका बेलायतको उपनिवेश बनेको थियो । त्यसबाट उन्मुक्ति दिलाउन वैज्ञानिक बेन्जामिन फ्यांकलिनको महत्त्वपूर्ण भमिका रह्यो । जसलाई अमेरिकाको संस्थापक पिताहरूमध्ये एक मानिन्छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/the-world-s-unparalleled-landscapes-mysterious-wonders-of-the-modern-world-br-84-19.html**

## झिरझिरी काँडा संस्कृति

साउने सङक्रान्तिको रातलाई झिरझिरे काँडा राख्ने रात भनिन्छ । सुदूरपश्चिम र कर्णाली प्रदेशमा तर्साउनुलाई भयाउनु भनिन्छ । आधुनिक युगमा नवपुस्ता भूतप्रेतले तर्साएको कुरा पत्याउँदैनन् । भूतप्रेत बस्ने भनिएका ठाउँमा घर निर्माण भइरहेकाले पहिले जस्तो भयाउन्या देखिँदैन पनि । भाषा र संस्कृतिमा बेजोड धनी काली-कर्णाली प्रदेशमा बर्सैपिच्छे नयाँ नयाँ संस्कृति भेट्टाउँछौँ । कुनै महिनामा उज्यालो संस्कृति मनाइन्छ भने कुनैमा अँध्यारो संस्कृति । यस्तैमा असार बित्दै गर्दा र साउन लाग्दै गर्दाको बिचको रातको समयलाई अँध्यारो संस्कृति पर्व पनि भन्ने गरिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/214866**

## ‘इतिहास र संस्कृति नै मेरो लेखनको मुख्य क्यानभास हो’

दैलेखमा जन्मनुभएका आख्यानकार ओम रिजालका ‘हटारू’ उपन्यास, ’यात्रा-बिम्ब’ कविता सङ्ग्रह र ’रुँदै बग्दो मुगु कर्णाली’ नियोउपन्यास प्रकाशित छन् । रिजाल लोकइतिहास, लोकसाहित्य र लोकसंस्कृतिमा रुचि राख्नुहुन्छ । उहाँको ’पैकेलो’ दोस्रो उपन्यास हो । विज्ञान र जनप्रशासनमा स्नातकोत्तर रिजालको सांस्कृतिक आख्यानसँगै अनुसन्धानमूलक लेख पनि प्रकाशित छन् । उहाँको लेखन र साहित्यिक गतिविधिमाथि केन्द्रित रहेर गोरखापत्रका लागि सुकृत नेपालले गर्नुभएको कुराकानी : बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/214960**

## श्रीमद्भागवत कथावाचक र शिक्षक

‘म धर्मशास्त्रको अन्धविरोधी होइन। वेद, पुराण, महाभारत, गीता, रामायण आदि धर्मशास्त्र पुर्खाद्वारा संरचित विशिष्ट सम्पदा हुन्, प्राग्-ऐतिहासिक कालका अमूल्य निधि हुन् । तिनको कतिपय खण्ड अन्धविश्वास र अवैज्ञानिक वार्ताले भरिएका पनि होलान् । त्यस मानेमा अतीतको गर्भमा मोती पनि छ र नालायक कङ्कड पनि । मोतीलाई टिपौं, नालायक कङ्कडलाई फ्याँकौं’, छलफलमा बिट मार्दै शिक्षक किरणले भने । श्रीमद्भागवत कथा वाचनका निम्ति ठूलो पण्डाल (मण्डप) तयार पारिएको थियो । कथा श्रवण गर्नेहरूको उपस्थिति यति बाक्लो थियो कि खुट्टा टेक्ने ठाउँ थिएन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1978327/srimad-bhagavatam-narrator-and-teacher**

## आजबाट बृहस्पति अस्त हुँदै : कस्ता कार्य गर्न हुन्छ र के गर्न हुँदैन ?

आज अर्थात् २०८३ साल असार ३२ गते (सन् २०२६ जुलाई १६ तारिख) बिहीबार दिउँसो १२ बजेर ५५ मिनेटदेखि बृहस्पति ग्रह पश्चिममा अस्त हुँदैछ । आजबाट अस्त हुने बृहस्पति आगामी साउन २४ गते ( सन् २०२६ अगस्ट ९ तारिख) आइतबार दिउँसो १२ बजेर २४ मिनेटमा पूर्वमा उदय हुनेछ । सूर्यसँग ११ डिग्रीभन्दा कम कोणमा आउँदा बृहस्पति ग्रह अस्त हुने गर्दछ । अस्त भएको समयमा यस ग्रहले दिने फल कमजोर हुने र पूर्ण रूपमा निष्क्रिय मानिने ज्योतिषीय मान्यता रहेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/577666/jupiter-is-setting-from-today-what-can-and-cannot-be-done**

## वीरगञ्जमा गहवामाईको चौथो रथयात्रा समापन

वीरगञ्जको प्रसिद्ध शक्तिपीठ श्री गहवामाई मन्दिरको चौथो रथयात्रा बिहीबार सम्पन्न भएको छ । बिहान विशेष पूजा-आराधनापछि मन्दिर परिसरबाट सुरु भएको रथयात्रा घण्टाघर, रेलवे रोडको भित्री बाइपास, छपकैया, मुख्य सडक, अस्पताल रोड, मकालु चोक, आदर्शनगर, घडिअर्वा हुँदै पुनः माईस्थान मन्दिर पुगेर समापन भएको हो । रथयात्रामा सहभागी हुन बिहानैदेखि बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मका भक्तजन मन्दिर परिसरमा भेला भएका थिए । रथयात्रा सुरु हुनुअघि वर्षा भए पनि त्यसले भक्तजनको उत्साहमा असर पारेन । बाँकी... स्रोत : **https://ekantipur.com/madhesh-pradesh/2026/07/16/fourth-rath-yatra-of-gahwamai-concludes-in-birgunj-15-50.html**

## मानवता, अध्यात्म र नेपालको विश्वव्यापी भूमिका

आज विश्व अभूतपूर्व वैज्ञानिक प्रगति, प्रविधिको विस्तार र भौतिक समृद्धितर्फ तीव्र गतिमा अघि बढिरहेको छ। कृत्रिम बुद्धिमत्ता, सूचना प्रविधि, अन्तरिक्ष अनुसन्धान र चिकित्सा विज्ञानले मानव जीवनलाई सहज बनाएका छन् तर यही प्रगतिसँगै मानव समाजले अर्को गम्भीर चुनौती पनि सामना गरिरहेको छ। नैतिक मूल्यको ह्रास, हिंसा, द्वन्द्व, असहिष्णुता, मानसिक तनाव, वातावरणीय संकट र मानवीय सम्बन्ध कमजोर हुँदै गएको छ। भौतिक सम्पन्नताले मात्र मानिसलाई पूर्ण सुखी बनाउन सक्दैन। मानिसले महँगो बिछ्यौना किन्न सक्छ, निद्रा किन्न सक्दैन। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/humanity-spirituality-and-nepal-s-global-role-br-29-72.html**

## जलवायु वित्तको स्थानीयकरण कसरी ?

जलवायु परिवर्तनको मूल प्रश्न जलवायु न्यायसँग जोडिएको छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा अत्यन्तै न्यून योगदान पुऱ्याएका समुदाय नै आज सबैभन्दा ठूलो जलवायु जोखिमको सामना गरिरहेका छन्। गत जुलाई १ मा ताजिकिस्तानको दुशान्बेमा सम्पन्न हरित जलवायु कोष (ग्रिन क्लाइमेट फन्ड-जीसीएफ) को ४५औं बोर्ड बैठक चलिरहेको थियो। बैठकमा नेपालको एउटा प्रस्तावमाथि छलफल हुँदा वातावरण केही फरक देखिन्थ्यो। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/14/how-to-localize-climate-finance-58-42.html**

## अमेरिकामा भानुभक्तको सालिक स्थापना

अमेरिकाको क्यालिफोर्नियामा आदिकवि भानुभक्त आचार्यको शालिक स्थापना गरिएको छ। जुलाई १२ मा आयोजित विशेष समारोहका बीच प्रमुख अतिथि बरिष्ठ साहित्यकार डा नवराज लम्साल र रिचमण्डका मेयर एडबर्डो मार्टिनेजद्वारा संयुक्त रुपमा शालिक अनावरण गरिएको हो। अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नर्दन क्यालिफोर्निया च्याप्टरको सक्रियतामा नेपाल र भारतबाहेक पहिलो पटक डायस्पोरामा आदिकवि भानुभक्तको शालिक स्थापना भएको हो। अनावरण पछि मेयर मार्टिनेजले भने, 'नेपाली भाषाका आदिकविको शालिक राखेर यो शहर सांस्कृतिक रूपमा पूर्ण भएको छ।' बाँकी...

स्रोत : **https://www.ratopati.com/story/576999/ganesh-nepali-taken-to-aryaghat-for-funeral**

## भैरवी गुठीको जग्गामा व्यक्तिको पक्की भवन : फैसला भएको २६ वर्षपछि जग्गा खोजिँदै

धादिङबेसीस्थित ऐतिहासिक श्री भैरवी मन्दिरको नाममा रहेको गुठी जग्गा संरक्षण तथा सर्वोच्च अदालतको २६ वर्षअघिको फैसला कार्यान्वयन गर्ने प्रक्रिया सुरु भएपछि धादिङमा गुठी जग्गाको विषय पुन: चर्चामा आएको छ। लामो समयदेखि व्यक्तिहरूको भोगचलनमा रहेको तथा कतिपय स्थानमा पक्की घरसमेत निर्माण भइसकेको गुठी जग्गाको वास्तविक साँध-सिमाना निर्धारण गरी भैरवी मन्दिर गुठी व्यवस्थापन समिति कै नाममा कायम गर्ने तयारी थालिएपछि स्थानीय तहमा चासो र बहस बढेको हो। बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/14/777507/**

## पर्यटकबाट हुने आय सामान्य घट्यो, सेवा खाता घाटामा

नेपालमा पर्यटकले गर्ने खर्च सामान्य घटेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आव २०८२/८३ को ११ महिना (साउन-जेठ) सम्म भ्रमण आय ०.१ प्रतिशत घटेर ८२ अर्ब २२ करोड कायम भएको छ । गत आव सोही अवधिमा भ्रमण आय ८२ अर्ब ३३ करोड थियो । यस अवधिमा भ्रमण व्यय १ खर्ब ९३ अर्ब ६५ करोड बराबर छ । गत वर्ष सोही अवधिमा भ्रमण व्यय २ खर्ब ३ अर्ब थियो । शिक्षातर्फको व्यय ११ महिनामा १ खर्ब ३२ अर्ब २३ करोड छ । गत आव शिक्षाका लागि ११ महिनामा १ खर्ब २४ अर्ब ७५ करोड विदेशिएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1974784/income-from-tourists-declines-slightly-service-account-in-deficit**

## नेपालमा पर्यटकले गर्ने खर्च

नेपाल सरकारको पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयको मातहत रहेको पर्यटन विभागद्वारा प्रकाशित 'नेपाल टुरिज्म स्टाटिस्टिक्स-२०२५' नामक पुस्तकमा उल्लेख भएअनुसर सन् २०२५ मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकले दैनिक रूपमा प्रतिव्यक्ति केवल ३३.०९ अमेरिकी डलर मात्रै खर्च गरेका छन् । यो भनेको सन् २०२४ को तुलनामा १८.९१ प्रतिशतले कम हो । सन् २०२५ मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकले गरेको प्रतिव्यक्ति खर्च ३३.०९ अमेरिकी डलर भनेको सन् १९८१ तिरकै हाराहारी हो । बाँकी... स्रोत : **https://www.karobardaily.com/news/393805**

## ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा राजुमान डङ्गोल विजयी

ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा राजुमान डंगोल विजयी भएका छन् । परिषद्को शनिबार आयोजित ३० र ३१ औं वार्षिक साधारणसभा तथा आइतबार बिहान सम्पन्न निर्वाचनमा डंगोलले अर्का उम्मेदवार प्रश्रय राजभण्डारीलाई पराजित गर्दै विजयी भएको निर्वाचन अधिकृत हरिप्रसाद पङ्गेनीले जानकारी दिए । अध्यक्ष डङ्गोलले ७२८ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी राजभण्डारीले ३६५ मत प्राप्त गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973958/rajuman-dangol-elected-as-thamel-tourism-development-council-chairman**

## धार्मिक आस्थादेखि पर्यटन समृद्धितर्फ उन्मुख ऐतिहासिक नगरी जनकपुरधाम

मिथिलाको ऐतिहासिक राजधानी तथा माता सीताको जन्मभूमिका रुपमा विश्वभर परिचित जनकपुरधामले पछिल्ला वर्षमा धार्मिक आस्थाको केन्द्रबाट पर्यटन, संस्कृति, व्यापार र स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारका रुपमा आफ्नो पहिचान विस्तार गर्दै गएको छ । प्रत्येक वर्ष लाखौं स्वदेशी तथा विदेशी श्रद्धालु तथा पर्यटकको आगमनले जनकपुरधामलाई नेपालको धार्मिक पर्यटनको प्रमुख केन्द्रका रूपमा स्थापित गरिरहेको छ । जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, धनुषसागर, गङ्गासागर, विभिन्न प्राचीन मठ-मन्दिर, मिथिला कला, परम्परागत संस्कृति र धार्मिक उत्सवहरूले जनकपुरधामको पहिचानलाई अन्तरराष्ट्रिय स्तरमा पुऱ्याएका छन् । बाँकी...

स्रोत : **https://radionepalonline.com/2026/07/13/718985.html**

स्रोत : **https://nepalsamaj.com/2026/07/13/415715/**

## दाप्चादेखि लिमी : समयभित्र हराउने यात्रा

काठमाडौं उपत्यकाभित्र एउटै समयमा धेरै युग एकसाथ देख्न सकिन्छ । लिच्छवि कालका अभिलेख, मल्लकालीन मन्दिर, राणाकालीन दरबार र आधुनिक कफी पसल एउटै परिवेशमा सहअस्तित्वमा छन् । यात्रा भन्नासाथ धेरैको मनमा नयाँ ठाउँ हेर्ने, प्रसिद्ध गन्तव्य पुग्ने वा फोटोमा कैद गर्न मिल्ने दृश्यको कल्पना आउँछ । तर, सबै यात्रा एउटै प्रकृतिका हुँदैनन् । कतिपय यात्रा दुरी नाप्नका लागि हुन्छन् भने कतिपय आफैंभित्र फर्किन । कहिलेकाहीँ पुराना ढुंगाका गल्ली, बिहानको धुम्म आकाश वा कुनै शान्त गाउँको आँगनले पनि मानिसलाई यस्तो अनुभूति दिन्छ, जहाँ समयको गति नै फेरिएको जस्तो लाग्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977673/dapcha-to-limi-a-journey-lost-in-time**

## शैलुङका अवैध घरटहरा हटाउन १५ दिने अल्टिमेटम

शैलुङ गाउँपालिकाले शैलुङ डाँडा तथा आसपासका क्षेत्रमा अनुमति बिना निर्माण गरिएका अस्थायी घरटहरा र पसल हटाउन सम्बन्धित पक्षलाई १५ दिनको समय दिएको छ । गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै प्राकृतिक सौन्दर्य संरक्षण, फोहोरमैला व्यवस्थापन र पर्यटकीय क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले अनधिकृत संरचना हटाउने निर्णय गरेको जनाएको हो । गाउँपालिकाका अनुसार कालापानी-शैलुङ मिनी ग्रेटवालदेखि शैलुङ डाँडासम्म अनुमति बिना अस्थायी टहरा निर्माण गरी व्यापार सञ्चालन भइरहेको छ । बाँकी... स्रोत : **https://khabarhub.com/2026/18/998836/**

## फेरिएका पर्यटक

प्रकृतिको एउटा विशिष्ट र अद्भुत सङ्ग्रहालयका रूपमा हेरिन्छ- सगरमाथा क्षेत्रलाई । यो सङ्ग्रहालय एक अर्थमा खुला छ । यो जति अनुपम छ; त्यत्तिकै रहस्यमयी, चुनौतीपूर्ण र खुल्दुलीयुक्त छ । सगरमाथा जानु कुनै समय आफूलाई परीक्षण गर्न जानु हो भन्ने भावनाले जरा गाडेको थियो । सगरमाथा धेरै कारणले हिजोका दिनमा सीमित, साँघुरो र सीमाबद्ध पर्यटनको सेरोफेरोमा आबद्ध थियो । पछिल्ला दिनमा सगरमाथा जाने पर्यटक पूर्ण रूपमा फेरिएका छन् । सगरमाथालाई हेर्ने, नियाल्ने र विचरण गर्ने भावना पूर्णतः बेग्लिएको लाग्छ । अब सगरमाथा साहस र चुनौतीको विषयमा मात्र सीमित छैन; यो त अध्ययन, विमर्श र चिन्तनको एउटा विशिष्ट पुस्तकालयका रूपमा स्थापित भएको लाग्छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/214914**

## हिमाली यायावरका कथा

उहाँले देशको साङ्गोपाङ्गो भूगोल आफ्नै पैतालाले नाप्नुभएको छ । हिमाल-पर्वतहरूको मौनता र नदी-गाडहरूका सुसेलीसँग प्रेमालाप गर्नुभएको छ । देश-भूगोलको विहङ्गम दृश्य र मैजारोका अनगन्ती सुखदुःखको अनुभूति गर्नुभएको छ । अनि सिङ्गो सरहद डुल्दै आफ्नो यात्रा अनुभूतिका बेहद किस्साहरू पनि पाठकमा साझा गर्नुभएको छ । उहाँले आफ्ना अनुभूतिहरू कथानक शब्दशिल्पमा प्रस्फुटित गर्नुहुँदा कथाहरू कस्ता बन्छन् होला ? पदयात्री-सर्जकको अन्तर्मन आख्यानमा कसरी छचल्किन सक्ला ? बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/214908**

## चितवन राष्ट्रिय निकुञ्ज घुम्ने पर्यटक बढे, राजस्व घट्यो

चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने पर्यटकको संख्या गत आर्थिक वर्षको तुलनामा ४१ हजार ५९४ ले बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा निकुञ्जमा २ लाख ७२ हजार ९२३ पर्यटक पुगेका छन्। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यो संख्या २ लाख ३१ हजार ३२९ थियो। निकुञ्ज कार्यालयका अनुसार गत आर्थिक वर्ष निकुञ्ज घुम्नेमा १ लाख ६१ हजार ३७५ नेपाली, २२ हजार ८८३ सार्क मुलुकका र ८८ हजार ६६५ तेस्रो मुलुकका पर्यटक रहेका छन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1978429/tourists-visiting-chitwan-national-park-increase-revenue-decreases**

## अन्नपूर्ण क्षेत्रमा पर्यटक आगमन वृद्धि

अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको आगमन वृद्धि भएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा ५ लाख ८ हजार ४७६ जना विदेशी पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ। आव २०८१/८२ को तुलनामा गत आवमा दोब्बर बढी पर्यटक यहाँ आएका बताउँदै आयोजना प्रमुख डा रवीन कडारियाले आव २०८१/८२ दुई लाख ७८ हजार ११३ जनाले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका जानकारी दिए। "गत आवमा पर्यटक आगमनमा नयाँ अभिलेख कायम भएको छ, सबैभन्दा बढी ३ लाख ७५ हजार ७९७ भारतीय पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका छन्", उनले भने। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/578332/increase-in-tourist-arrivals-in-the-annapurna-region**

## कोशीको किनारदेखि श्रीअन्तुको थुम्कोसम्म

यात्रा केवल एक स्थानबाट अर्को स्थानमा पुग्ने माध्यम होइन, यो नयाँ भूगोल, संस्कृति, मानिस र आफ्नै सोचसँग भेट हुने प्रक्रिया पनि हो। २०८३ असार १६ देखि १९ गतेसम्म महिला पर्यटन व्यवसायी सञ्जाल र नेपाल पर्यटन बोर्डको सहकार्यमा सम्पन्न पूर्वी नेपालको अध्ययन तथा अवलोकन भ्रमणले यही अनुभूति गरायो। काठमाडौंबाट बिहानै सुरू भएको हाम्रो यात्रा बीपी राजमार्ग हुँदै पूर्वतर्फ अघि बढ्यो। वर्षायामका कारण राजमार्गका धेरै खण्ड जीर्ण थिए। कतिपय स्थानमा रोशी नदीको किनारै हुँदै यात्रा गर्नुपर्यो। बाँकी... स्रोत : **https://www.setopati.com/ghumphir/ghumphir-experience/393895**

## जब रामकोटमा पर्यटकलाई झोर्ले भन्दै स्वागत गरिन्छ...

तनहुँको बन्दीपुर आउने पर्यटक नजिकैको अर्को पर्यटकीय गाउँ रामकोटतर्फ आकर्षित हुन थालेका छन्। बन्दीपुर बजारबाट करिब आठ किलोमिटर पश्चिममा रहेको रामकोटस्थित सामुदायिक घरबास (होमस्टे)मा पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ। मगर समुदायको बाक्लो बसोबास र ढुङ्गाले छाएका मौलिक घर रहेको रामकोटमा २०७५ सालदेखि होमस्टे सञ्चालनमा आए पनि पर्याप्त प्रचारप्रसार र पूर्वाधारको अभावका कारण सुरुआती वर्षमा पर्यटकको चहलपहल कम थियो। गत वर्षदेखि यहाँ स्वदेशी तथा विदेशी पर्यटक उल्लेख्य रूपमा आउन थालेका छन्। बाँकी... स्रोत : **https://www.ratopati.com/story/577941/when-tourists-are-welcomed-with-a-smile-in-ramkot**

## पर्यटन प्रवर्द्धनमा सरकारले द्रुत गतिमा काम सुरु गरेको छ : प्रधानमन्त्री

प्रधानमन्त्री बालेन्द्र शाहले नेपालको पर्यटन प्रवर्द्धनमा द्रुत गतिमा काम सुरु गरेको बताएका छन् । उनले होटल व्यवसायीहरूले गर्दै आएको चिन्ता अब अन्त्य हुने समेत बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज होटल एसोसिएसन नेपाल (हान) का पदाधिकारीहरूसँग भएको छलफलमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको बलियो साझेदारका रूपमा अघि बढ्न ढाडस दिए । प्रधानमन्त्री शाहले व्यवसायीलाई कानुन पालना गर्दै आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन र सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न हानका पदाधिकारीलाई आग्रह गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976085/government-has-started-working-at-a-rapid-pace-to-promote-tourism-prime-minister**

## जङ्गलले सोधेको एउटा प्रश्न, जसको उत्तर हामीसँग छैन

आजकल धेरै युवाहरू पहाड र जङ्गल पुग्छन् । सामाजिक सञ्जालमा सुन्दर तस्बिर राख्छन् । 'Nature Lover', 'Mountain Therapy Ú, ...Weekend EscapeÚ जस्ता शब्द लेख्छन् । यदि त्यही यात्राको अन्त्यमा प्लास्टिकको बोतल जङ्गलमै फालिन्छ भने त्यो प्रेम होइन, केवल ढोंग हो । लामो गफगाफपछि मैले ती बहिनीलाई सोधेँ- 'सबै केटाकेटीहरू आ-आफ्नो जोडीसँग आइरहेका छन्, तिमी चाहिँ एक्लै ?' प्रश्न भुइँमा खस्न नपाउँदै उनले हाँस्दै जवाफ दिइन 'उसलाई हिँड्न मन पर्दैन, हिँड्ने साथी पाउनुपर्छ । म त चल्दिहाल्छु ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973394/a-question-asked-by-the-forest-to-which-we-have-no-answer**

## केन्जोले सजिएको तिम्बुङ

पाँचथर-ताप्लेजुङको सीमामा अवस्थित तिम्बुङ पोखरी यतिबेला फेरि पर्यटकको प्रतीक्षामा छ । वर्षायामसँगै यहाँको पहिचान बनेको पिरामिड आकारको केन्जो फूल्न थालेपछि हिमाली गन्तव्य तिम्बुङले नयाँ जीवन पाएको छ । हरिया डाँडाकाँडा, चिसो हावा, खुला खर्क र हिमाली जीवनशैलीले सजिएको यो क्षेत्र अहिले प्रकृतिप्रेमीका लागि अनुपम आकर्षण बनेको छ । समुद्री सतहबाट करिब तीन हजार तीन सय ३५ मिटर उचाइमा रहेको तिम्बुङ पोखरी पुग्ने जो-कोहीलाई प्रकृतिले खुलेर स्वागत गर्छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976566/**

## महिला उद्यमीहरूसँग के भने प्रधानमन्त्री वालेन्द्र शाहले ?

प्रधानमन्त्री वालेन्द्र शाहले महिला उद्यमीहरूसँग आज भेटवार्ता गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री शाहले महिला उद्यमी महासंघ नेपालका पदाधिकारीहरूसँग भेटवार्ता गरेका हुन् । उक्त अवसरमा प्रधानमन्त्री शाहले उद्यमशीलता विकासका लागि आवश्यक कुनै पनि सहयोग गर्न सरकार प्रतिबद्ध रहेको जनाएका छन् । उनले महिला उद्यमीहरूका सबै व्यवधान हटाउन सरकार जुटिरहेको र उत्पादित वस्तुहरू हरेक पर्यटकीय स्थलहरूमा प्रवर्द्धन गर्ने वातावरण मिलाउने बताएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/07/16/what-did-prime-minister-balendra-shah-say-to-women-entrepreneurs-38-36.html**

## बसाइँ सर्ने चरा : जोखिम बर्ड फ्लुको

कृष्णप्रसाद भुसालको लेखजंगली चराको उपचार र नष्ट असम्भवप्राय: हुन्छ। त्यसैले घरपालुवा चराचुरुंगी तथा स्तनधारी जनावरमा बर्ड फ्लु सर्न नदिने उपाय अवलम्बन गर्नुपर्छ। संक्रमित वा मृत चराको सुरक्षित संकलन र उचित व्यवस्थापन हुनुपर्छ। हिउँदमा जाडो छल्न १ सय ५० भन्दा बढी प्रजातिका हजारौं चरा नेपाल आउँछन्- रुस, चीन, मंगोलिया, युरोप, कोरिया र तिब्बती क्षेत्रबाट। करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान, श्रीलंका र अफ्रिकासम्म यात्रा गर्छन्। यसरी बसाइँसराइ गर्ने चराहरूको यात्रा र आगमन रोचक, साहसिक र पारिस्थितिक दृष्टिले सुन्दर तथा लाभदायक मात्र हुँदैन, मानव स्वास्थ्यका लागि जोखिम निम्त्याउन सक्ने भाइरस बोक्ने माध्यम पनि हुन सक्छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/07/16/migratory-birds-risk-of-bird-flu-12-20.html**

## बुकीपाटनमा प्लास्टिकजन्य फोहर व्यवस्थापनको चुनौती

नेपालका एक मात्र सिकार आरक्ष ढोरपाटनस्थित बुकीपाटनमा पर्यटकको आकर्षण बढेसँगै नकुहिने फोहर बढ्न थालेको छ। पर्यटकले जथाभावी फोहरले फाल्दा बुकीपाटनको स्वच्छताको छवि धुमलिन थालेको छ। पर्यटकले प्लास्टिकका बोतल, चाउचाउ, विस्कुटका प्लास्टिक र बियर बोतललगायत छरपस्ट छोड्दा पर्यावरणमा असर पर्ने चिन्ता बढेको छ। बाँकी...

स्रोत : **https://www.setopati.com/kinmel/tourism/393740**

## नेपाल-भारत ऊर्जा बैठक पोखरामा

नेपाल-भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) र ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदल (जेडब्ल्यूजी) बैठक मंगलबार र बुधबार पोखरामा बस्दैछ। मंगलबार नेपाल-भारत ऊर्जा सहसचिवस्तरीय संयुक्त कार्यदल (जेडब्ल्यूजी) बैठक बस्नेछ भने बुधबार ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) बैठक बस्नेछ। उक्त बैठकमा नेपाल-भारतबीच रहेका प्रसारणलाइनहरुबारे छलफल हुनेछ। सञ्चालनमा आइसकेका, निर्माणाधिन र प्रस्तावित प्रसारणलाइनबारे बैठकमा छलफल हुने ऊर्जा मन्त्रालयका प्रवक्ता सन्दिप देवले बताए। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/14/nepal-india-energy-meeting-in-pokhara-46-01.html**

## नेपाल-भारत ऊर्जा सहकार्यबारे संयुक्त निर्देशक समिति र कार्यदलको बैठक पोखरामा

नेपाल र छिमेकी भारतबीच ऊर्जा क्षेत्रको द्विपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने उद्देश्यले संयुक्त निर्देशक समिति (जेएससी) र संयुक्त कार्यदल (जेडब्ल्युजी) को १३ औं बैठक पोखरामा सम्पन्न भएको छ। भारतीय राजदूतावासका अनुसार ऊर्जा क्षेत्र सहकार्यसम्बन्धी संयुक्त निर्देशक समितिको १३औं बैठक बुधबार भारत सरकारको विद्युत मन्त्रालयका सचिव पंकज अग्रवाल र नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीको सह-अध्यक्षतामा सम्पन्न भएको हो। बाँकी... स्रोत : **https://khabarhub.com/2026/15/997752/**

## भाजपा पार्टी-कूटनीतिको नेपाल सन्देश

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले भारतको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को निम्तोमा जेठ १८ देखि २२ सम्म भारत भ्रमण गरे । भाजपालाई चिनौं भन्ने अर्थ लाग्ने 'नो बिजेपी (Know BJP)' भनिने पार्टी-कूटनीतिमा समेत प्रयोग गरिने अवधारणा अन्तर्गत रविलाई निमन्त्रणा गरेर उक्त दलले पार्टी-कूटनीतिलाई भारतको राष्ट्रिय हितमा उत्कृष्ट तरिकाले उपयोग गरेको छ । बाँकी...

स्रोत:**https://www.setopati.com/opinion/393663?fbclid=IwY2xjawTFTPRleHRuA2FlbQIxMQBzcnRjBmFwcF9pZAwzNTA2ODU1MzE3MjgAAR7C9ZX0HlAZdgHmI0dU8INaoqgHJ2JuKBkS_7cQ9PukuwwhyVNpHpDeDJU27w_aem_p0ef8f7Pvr32j9YlgrmFoA**

## ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनबाट एक हजार ६५० मेगावाट विद्युत् निर्यात गर्न सहमति

नेपाल र भारतका ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी)को बैठकले दुई अन्तरदेशीय प्रसारण लाइनमार्फत नेपालबाट निर्यात हुने विद्युत्को परिमाण एक हजार ६५० मेगावाट पुऱ्याउने सहमति गरेको छ। पोखरामा बुधवार सम्पन्न सो बैठकको नेतृत्व नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले गरेकी थिइन्, भने भारतको नेतृत्व विद्युत् मन्त्रालयका सचिव पंकज अग्रवालले गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976437/agreement-to-export-1650-megawatts-of-electricity-from-dhalkebar-muzaffarpur-transmission-line**

## भारतका अतिरिक्त विदेश सचिव र नेपालका परराष्ट्र सचिवबीच भेटवार्ता

भारतको विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले नेपालका परराष्ट्र सचिव अमृतबहादुर राईसँग शिष्टाचार भेटवार्ता गरेका छन् । नेपाल भ्रमणमा रहेका अतिरिक्त सचिव महावरले परराष्ट्र मन्त्रालयमा पुगेर सचिव राईसँग भेटवार्ता गरेका हुन् । भेटमा दुई देशबीच सञ्चालनमा रहेका द्विपक्षीय सहयोग परियोजनाहरूको प्रगति समीक्षा गर्नुका साथै प्राथमिकतामा रहेका क्षेत्रहरूमा साझा एजेन्डालाई अघि बढाउने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/577787/meeting-between-additional-foreign-secretary-of-india-and-foreign-secretary-of-nepal**

## नेपाल र भारतमा एआई-सञ्चालित क्रिएटर मार्केटिङ प्लेटफर्म 'VeelÚ को औपचारिक शुभारम्भ

एआई-सञ्चालित क्रिएटर मार्केटिङ प्लेटफर्म 'VeelÚ ले नेपाल र भारतमा आफ्नो औपचारिक सेवा शुभारम्भ गरेको छ । कम्पनीले दक्षिण एसियाली बजारमा विस्तार गर्दै व्यवसाय र कन्टेन्ट क्रिएटरलाई एउटै प्लेटफर्ममार्फत जोड्ने उद्देश्यसहित सेवा सुरु गरेको हो । Veel ले व्यवसाय र क्रिएटरबीचको सहकार्यलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउने एकीकृत प्लेटफर्म उपलब्ध गराउने जनाएको छ । यसमार्फत व्यवसायहरूले उपयुक्त क्रिएटर छनोट गर्न, क्याम्पेन सञ्चालन गर्न, भिडियो सम्पादन तथा स्वीकृति दिन, भुक्तानी व्यवस्थापन गर्न र कन्टेन्टको अधिकार सुरक्षित गर्न सक्नेछन्। त्यस्तै, नेपाल र भारतका क्रिएटरहरूले स्वदेशी तथा अन्तर्राष्ट्रिय ब्रान्डसँग प्रत्यक्ष सहकार्य गर्ने अवसर पाउनेछन् । बाँकी... स्रोत : **https://www.deshkonews.com/archives/267742**

## सामाजिक लोकतन्त्रको नवयुग

रास्वपाले स्थापनाको चार वर्षमा राष्ट्रिय महाधिवेशन गरेर वैधानिक बाटो तय गरेको छ। महाधिवेशनले रास्वपालाई 'फ्यान क्लब'बाट राजनीतिक दल बन्ने बाटो खोलेको छ। अन्यथा, रास्वपा अघिल्लो संसद्मा चौथो ठूलो दल भएर पनि सभापति रवि लामिछानेको गैरराजनीतिक प्रख्यातिपश्चात् निर्माण भएको 'घन्टी क्लब' तथा काठमाडौं महानगरका तत्कालीन मेयर बालेन शाहको फ्यान क्लबभन्दा माथि उठ्न सकेको थिएन। विधि र प्रक्रियाको प्रश्नलाई थाती राखेरै भए पनि चितवन महाधिवेशनले नीति र नेतृत्व तय गरेको छ। विशेषतः प्रदेश संरचना खारेज गर्ने रास्वपाको निर्णय हाल विवाद र चर्चामा छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/200059/2026-07-17**

## अलोकतान्त्रिक गतिविधिविरुद्ध एकजुट भएर प्रतिवाद गर्न कांग्रेसको आह्वान

नेपाली कांग्रेसले सभापति गगनकुमार थापाको निजी निवास, सञ्चारमाध्यमको प्रवेशद्वार तथा व्यवसायीहरूको नियमित आवागमन हुने कार्यक्षेत्रमा अपरिचित व्यक्तिहरूले सवारीसाधन तेर्स्याएर आवागमन अवरुद्ध गरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पार्टीका महामन्त्री प्रदीप पौडेलले सोमबार जारी गरेको विज्ञप्तिमा उक्त घटनालाई स्वतन्त्र अभिव्यक्ति र लोकतान्त्रिक गतिविधिलाई त्रसित बनाउने नियोजित प्रयास भएको उल्लेख गरिएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/politics/congress-calls-for-united-resistance-against-undemocratic-activities-59-43.html**

## सरकार ! लोकतन्त्र निमुखाको पनि हो

असली सुकुम्बासी पहिचान गरेर उचित व्यवस्थापन गरिछाड्ने' सरकारको प्रतिबद्धताको ठाडो उपहास भो नभनेर के भन्ने ? महाराजगन्जस्थित शिक्षण अस्पताल उत्तरतर्फको सुकुम्बासी बस्तीमा गएको वैशाख १७ गते साँझ अफिसबाट फर्कंदै गर्दा कारुणिक दृश्य देख्नुपर्‍या । वैशाख १६ गते राति राणाकालीन बिगुलकै झल्को दिनेगरी अस्वाभाविक साइरनसहितको माइकिङमा 'वैशाख १७ गते बेलुकासम्म नदी किनार र सार्वजनिक स्थानका अव्यवस्थित बस्ती खाली गर्नुपर्ने अन्यथा १८ गते बिहान डोजर लगाइने' चेतावनी दिइएको थियो। परिणामस्वरूप त्यहाँ ती दृश्यहरू घटित भइरहेका थिए । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/503406/**

## कांग्रेसले हुर्काएको राजनीतिको लोकतान्त्रिक कित्ता रास्वपाको पोल्टामा

रास्वपाले लोकतान्त्रिक विचारधाराको कित्ता बलियो बनाउँदै जाँदा कांग्रेसमाथि नयाँ दबाब सिर्जना भएको छ। दशकौंसम्म लोकतान्त्रिक राजनीतिको पर्यायजस्तै रहेको कांग्रेसको विकल्पका रूपमा जनताले रास्वपामाथि भरोसा गरेको २१ फागुनको निर्वाचन नतिजाले देखाएको छ। लोकतान्त्रिक गणतन्त्र, विधिको शासन र सुशासनका मुद्दालाई केन्द्रमा राखेर स्थापित रास्वपाले कांग्रेसको परम्परागत राजनीतिक आधारमा नै आफ्नो प्रभाव बढाएको हो। लोकतान्त्रिक कित्ताभित्रैबाट कांग्रेसलाई टक्कर दिने वैकल्पिक राजनीतिक शक्ति थिएन। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/07/14/the-democratic-political-ideology-nurtured-by-the-congress-is-being-turned-upside-down-by-the-rashtriya-swayamsevak-sangh-rss-33-31.html**

## लोकतन्त्रमा अधिकार र कानुनबीच सन्तुलन आवश्यक

काठमाडौँ महानगरपालिकाका नगर प्रहरीले अहिले सडकपेटी अतिक्रमण नियन्त्रण, पार्किङ व्यवस्थापन तथा ट्राफिक सहजीकरणको कामबाट पछि हट्दै आफ्नै सुरक्षाको प्रत्याभूति मागेको छ। एउटा आत्मदाहको दुःखद् घटनापछि सिर्जना भएको यो अवस्था केवल महानगरको प्रशासनिक समस्या होइन, लोकतान्त्रिक शासन प्रणालीकै एउटा गम्भीर परीक्षा हो । लोकतन्त्रमा नागरिकलाई विरोध गर्ने, प्रश्न उठाउने र न्याय माग्ने पूर्ण अधिकार हुन्छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/07/14/777345/**

## लोकतान्त्रिक चरित्रका कानुन

राज्य सञ्चालनमा लोकतान्त्रिक शासन व्यवस्था र शक्ति पृथकीकरण अभिन्न अङ्ग हुन् । शक्ति पृथकीकरण सुविधा सन्तुलन मात्र होइन, लोकतान्त्रिक व्यवस्थाको सुशासनको प्रतीक पनि हो । गणतन्त्र-लोकतन्त्रको अर्को अनिवार्य सर्त कानुनको शासन हो । शासक र शासित दुवै कानुनको दायरामा हुनु पर्छ । कानुनी रूपमा समानता र हरेक नागरिकको संरक्षण शासन व्यवस्थाको न्यूनतम सर्त हो । मौलिक अधिकारको संरक्षण, वैयक्तिक स्वतन्त्रताको सुनिश्चितता लोकतान्त्रिक शासन व्यवस्थाको न्यूनतम कार्यभार पनि हो । शासन व्यवस्थाको कार्यभार पूरा गर्न जवाफदेही सरकार हुनुपर्ने लोकतान्त्रिक व्यवस्थाको सर्त हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/65583**

## सूचनाको हक : लोकतन्त्रको मेरुदण्ड

राज्यका नीति र योजना, सार्वजनिक खर्च र सेवा प्रवाह तथा सार्वजनिक निकायको कार्यसम्पादनसम्बन्धी सूचना नागरिकको पहुँचमा रहँदा मात्र लोकतन्त्र बलियो हुन्छ। सूचना नागरिकलाई केवल राज्यका कामकारबाहीबारे जानकारी दिने साधनका रूपमा मात्र होइन, शासनमा सहभागिता बढाउने, सार्वजनिक निकायलाई जवाफदेही बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने तथा सार्वजनिक स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रूपमा लिइनु पर्छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/214235**

## गणेशकी श्रीमतीले काठमाडौँबाटै लिइन् नागरिकता

त्रिपुरेश्वरमा आत्मदाह प्रयास गरेर उपचारको क्रममा मृत्यु भएका गणेश नेपालीकी श्रीमतीले काठमाडौँबाट नागरिकता लिएकी छन् । आइतबार जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट गणेशकी श्रीमती एकमाया नेपालीले नागरिकता लिएकी हुन् । गृहमन्त्री सुधन गुरुङले उनलाई नागरिकता हस्तान्तरण गरे। विशेष परिस्थितिका कारण मुगुबाट पत्र झिकाएर नागरिकता प्रदान गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले जानकारी दिए। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/576813/ganeshs-wife-obtained-citizenship-from-kathmandu**

## दैनिक जीवनबाटै राजनीति सिक्छन् बालबालिका

बालबालिकाहरू राजनीतिको प्राविधिक भाषा नबोल्न सक्छन् तर उनीहरूमा राजनीतिक सचेतता विकसित भइसकेको हुन्छ । ती सार्वजनिक समस्या देख्छन्, त्यसबारे चिन्ता गर्छन् र आफ्नो कल्पनामा समाधान पनि खोज्छन् । बालबालिका राजनीतिबाट अलग छन् भन्ने सोच वास्तविकतासँग मेल खाँदैन । हामीमध्ये धेरै राजनीति वयस्कको विषय हो भन्ने विश्वास गर्छौं । बालबालिकाहरू सरकार, निर्वाचन, लोकतन्त्र, सार्वजनिक नीति वा नागरिकताजस्ता विषय बुझ्न निकै साना हुन्छन् भन्ने हाम्रो सामान्य धारणा छ । त्यसैले विद्यालयमा पनि नागरिक शिक्षाको औपचारिक सुरुआत प्रायः किशोरावस्थापछि मात्रै गरिन्छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/15/children-learn-politics-through-everyday-life-26-49.html**

## गुलियो स्याउ : चित्र, रंग र अन्तरक्रियाको त्रिवेणी

नेपालमा महिनैपिच्छे जस्तो नाटक घरमा नयाँ नयाँ नाटक लागिरहेका हुन्छन् । नाटकको व्यापकताले गर्दा दर्शकको भागमा हप्ता, पन्ध्र दिनमा एउटा न एउटा नयाँ नाटक परिरहेको हुन्छ । प्रौढ र वयस्क दर्शकलाई छानिरोजी नाटक हेर्न पर्याप्त शो उपलब्ध हुन्छन् । तर यस्तोमा बाल नाटकको अवस्था भने शून्य जस्तै छ । त्यसमा पनि व्यावसायिक बाल नाटकको त कुरै नगरौं । वार्षिक रूपमा बाल नाट्य महोत्सवहरू भइरहँदा स्कुले बालबालिका केही हदसम्म रंगमञ्चसँग साक्षात्कार हुने मौका भने पाइरहेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/entertainment/2026/07/14/sweet-apple-a-trio-of-colors-images-and-interactions-27-56.html**

## भानुभक्तका बगर र बाँधकुलो

भानुभक्तले गिरिधारी रानाभाटसँग पहिलो पटक विसं १९०५ तिर बगर खेत मुद्दा र विसं १९२२ तिर दोस्रो पटक बाँधकुलो मुद्दा खेपेको भेटिन्छ । प्राप्त एउटा लिखत, पिप्लेको चौतारो र बिर्ताको चौतारो जस्ता वस्तु अद्यापि मुद्दाका साक्ष्य देखिन्छन् । विसं १९०५ तिर प्रथम भानु जीवनी लेखक मोतीराम भट्टले चुँदीखोलाले बनाएको बगर मुद्दाको कुरो उठाएका छन् । बगरलाई बिर्ता भनेका छैनन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/214089**

## प्राधिकरणकै निर्देशक अध्यक्ष, कठिन समयमा दूरसञ्चारको जिम्मेवारी

२०८६ मा एनसेलको लाइसेन्स अवधि सकिँदै छ भने इन्टरनेट र भ्वाइस दुवैतर्फ गुणस्तरीय सेवाको प्रश्न निरन्तर उठिरहेका छन् । सञ्चारमन्त्री विक्रम तिमिल्सिनाबाट नियुक्तिपत्र लिँदै नेपाल दूरसञ्चार प्राधिकरणका नवनियुक्त अध्यक्ष अर्जुन घिमिरे । तस्बिर । कान्तिपुर नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा अर्जुन घिमिरे नियुक्त भएका छन्। घिमिरेले सोमबार सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिनाबाट नियुक्तिपत्र ग्रहण गर्दै पद तथा गोपनीयताको शपथसमेत लिए। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/07/14/director-chairman-of-nea-responsibility-of-telecommunications-in-difficult-times-06-53.html**

## नागरिक निगरानीमा बन्देज नलगाऊ

प्रधानमन्त्री वालेन्द्र शाह स्वयंको एउटा गीतको बोलले भन्छ- 'मलाई बोल्न दे सरकार ।' यसले नागरिक स्वतन्त्रता, नागरिक दायित्व र सरकारको रबैयाको प्रतिवादको आवाज बोल्छ । सरकारका कामकारबाही र नागरिकको निगरानी जति सन्तुलित हुन्छ, लोकतन्त्र त्यति नै जीवन्त हुन्छ । लोकतान्त्रिक व्यवस्था र संविधानका लागि यस्तो सम्बन्ध अपरिहार्य हुन्छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/13/dont-restrict-citizen-surveillance-20-30.html**

## राज्यकै संरक्षणमा जथाभावी गाडी तेर्स्याउने काम भयो : सुमना श्रेष्ठ

पूर्वमन्त्री सुमना श्रेष्ठले सडकमा जथाभावी गाडी तेर्स्याएर अवरोध गर्ने कार्यलाई राज्यले नै संरक्षण गरेको भन्दै त्यसलाई आसेपासे पोस्ने प्रवृत्तिको संज्ञा दिएकी छन् । सोमबार फेसबुकमार्फत् धारणा राख्दै उनले हालै काठमाडौंमा सञ्चार माध्यमदेखि सडकमा जथाभावी पार्किङ गरेर सन्देश दिने रणनीतिले राज्य र जनताबीचको विश्वासलाई जबर्जस्ती क्षयीकरण गरिरहेको बताएकी हुन् । राज्यको माथिल्लो तहमा बस्नेहरूले 'पाठ सिकाउने' नाममा गरिरहेको बुलिङ अर्थात् धम्क्याउने प्रवृत्तिले लोकतन्त्र र विधिको शासनमाथि नै प्रश्न उठाएको उनको निष्कर्ष छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1974940/indiscriminate-vehicle-towing-was-carried-out-under-the-protection-of-the-state-sumana-shrestha**

## कर्मचारीलाई सवारीसाधन किन्न सरकारले सहुलियतपूर्ण ऋण दिने

प्रस्ताव अनुसार मुख्यसचिव, सचिव र १२औं तहका कर्मचारीलाई अधिकतम ६० लाख रुपैयाँसम्म ऋण शतप्रतिशत ब्याज अनुदानमा दिइने छ । २९ असार, काठमाडौं । सरकारले आफ्ना कर्मचारीलाई सवारीसाधन खरिद गर्न सहुलियतपूर्ण ऋण दिने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'सरकारी कर्मचारीका लागि सवारीसाधन व्यवस्थापन सम्बन्धी निर्देशिका २०८३' को मस्यौदा तयार पारेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1974681/government-to-provide-concessional-loans-to-employees-to-purchase-vehicles**

## अर्थले संशोधन र खारेज गर्न लागेका एक दर्जन ऐन कस्ता हुन् ?

अर्थ मन्त्रालयले अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन र खारेज गर्न बनेको विधेयक संसद्मा दर्ता गरेको छ । अर्थ मन्त्रालयका अनुसार नेपालको वर्तमान संविधानको मर्म र भावना अनुकूल नभएका तथा वर्तमान संघीय शासन संरचनाका सन्दर्भमा असान्दर्भिक देखिएका कानुनी तथा संस्थागत प्रावधान खारेज गर्न लागिएको हो । : यसले कानुनी दोहोरोपना अन्त्य गर्ने तथा कम समय र लागतमा प्रभावकारी सार्वजनिक सेवा प्रवाह हुनेसमेत अर्थको विश्वास छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1973170/what-are-the-dozen-or-so-acts-that-the-finance-ministry-is-going-to-amend-and-repeal**

## अर्थतन्त्रप्रति प्रधानमन्त्रीको चासो, थाले निजी क्षेत्रसँग संवाद

२४ असार, काठमाडौं । मन्त्रीलाई उद्योगी-व्यवसायी नभेट्न निर्देशन दिएका प्रधानमन्त्री बालेन्द्र शाहले निजी क्षेत्रका प्रतिनिधिसँग औपचारिक छलफल सुरु गरेका छन् । अर्थतन्त्रप्रति चासो राख्दै प्रधानमन्त्रीले शाहले उद्योगी-व्यवसायीलाई खुलेर आफ्ना कुरा राख्न लगाएका हुन् । २३ र २४ भदौको जेनजी आन्दोलनमा निजी क्षेत्रमाथि पनि आक्रमण भयो । निजी लगानीका व्यापार-व्यवसायमा पनि तोडफोड आगजनी भयो । त्यसपछि निजी क्षेत्र त्रसित थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971731/prime-ministers-interest-in-economy-dialogue-with-private-sector-begins**

## निजी क्षेत्रसँग प्रधानमन्त्री- व्यवसायीलाई थुन्ने सरकारको उद्देश्य होइन

प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले उद्योगी तथा व्यवसायीलाई थुन्ने सरकारको उद्देश्य नभएको बताएका छन् । बुधबार नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा नेपाल चेम्बर अफ कमर्सका प्रनिनिधिसँगको छलफलमा प्रधानमन्त्रीले यस्तो बताएको परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवालले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1971498/the-governments-objective-is-not-to-lock-the-prime-minister-and-businessmen-in-contact-with-the-private-sector**

## किसानदेखि स्टार्टअपसम्मलाई अर्थमन्त्रीको धोका : बजेट भाषणका सहुलियत विधेयकमा छैनन्

संसद्मा आर्थिक विधेयक प्रस्तुत गरेपछि कम्तीमा ७ शीर्षकमा करका दर हेरफेर गरेको भनेर आलोचना खेपिरहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट भाषणमा दिएका महत्त्वपूर्ण प्रतिबद्धता विधेयकमा राख्दै नराखेको पुष्टि भएको छ । खासगरी किसान, स्टार्टअप उद्यमी, गैरआवासीय नेपाली (एनआरएन) लाई लगानी र उद्यममा सहुलियत दिन बजेटमा गरिएका घोषणा आर्थिक विधेयकमा राख्दै राखिएको छैन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/06/1959555/the-budget-speech-announcements-that-provide-concessions-to-farmers-startups-and-even-non-resident-nepalis-are-not-in-the-bill**

## प्रधानमन्त्री बालेन शाहलाई दोस्रो पत्र

प्रधानमन्त्रीज्यू, तपाईंको सरकारका पहिलो १०० दिनका कार्यसम्पादन र उपलब्धिहरूबारे समीक्षा, चर्चा र टीकाटिप्पणीहरू भइरहेकै बेला सार्वजनिक स्थानमा पिसाब फेरेको घटनाबारे राष्ट्रिय बहस चल्यो। त्यो बहस सेलाउन नपाउँदै, नगर प्रहरीले कानुन कार्यान्वयन गर्ने क्रममा भएको विवादपछिको आत्मदाहबाट भएको दुःखद् मृत्युले सडकदेखि संसदसम्म तीव्र राजनीतिक बहस सिर्जना गर्‍यो । त्यसैबीच, अव्यवस्थित पार्किङको विषयले पनि राजनीति र सामाजिक सञ्जाललाई तताइरहेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/577112/second-letter-to-prime-minister-balendra-shah**

## नयाँ कर कार्यान्वयनमा, वार्षिक १० लाख कमाउने व्यक्तिले एक प्रतिशत आयकर तिर्नुपर्ने

नयाँ आर्थिक वर्ष सुरु भएसँगै सरकारले वृद्धि गरेको आयकरको न्यूनतम सीमाको नयाँ प्रावधान आजदेखि लागु भएको छ। आर्थिक वर्ष २०८३/८४ देखि सरकारले व्यक्तिका हकमा आयकरको न्यूनतम सीमा १० लाख पुऱ्याएको छ। सरकारले व्यक्तिगत आयकरको अधिकतम दरलाई १० प्रतिशत बिन्दुले घटाएको छ। अर्थ मन्त्रालयका अनुसार करको बोझ घटाउन आयको न्यूनतम सीमा बढाइएको हो। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977206/with-the-new-tax-being-implemented-from-today-people-earning-1-million-rupees-annually-will-have-to-pay-1-percent-income-tax**

## एनआरएनलाई नागरिकता : प्रतिबद्धता कार्यान्वयनको प्रतीक्षा

गैरआवासीय नेपाली नागरिकता दर्जनौं कानुनसँग अन्तरसम्बन्धित भएकाले सबै विषय समेट्ने एकीकृत कानुन बनाउने सोच मन्त्रालयको रहेको बुझिन्छ। तर कानुनहरूबीचको अन्तरसम्बन्ध पहिचान भइसकेको अवस्थामा यसैलाई आधार बनाएर थप ढिलाइ गर्नु उचित देखिँदैन। आम निर्वाचनमा रास्वपाले नागरिकता, मतदान अधिकारलगायत गैरआवासीय नेपालीका सरोकारलाई आफ्नो वाचापत्रमा प्राथमिकताका साथ समेटेको थियो। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/14/citizenship-to-nrns-waiting-for-implementation-of-commitment-46-49.html**

## कर्णाली प्रदेश सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरुले दिए राजीनामा

नेपाली कांग्रेसबाट कर्णाली प्रदेश सरकारमा सहभागी मन्त्रीहरुले राजीनामा दिएका छन्। कांग्रेस मन्त्रीहरुले सामूहिक राजीनामा बुझाएको सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले जानकारी दिए। 'हामी सबैले राजीनामा बुझायौं, स्वीकृतिको पर्खाइमा छौं,' मन्त्री भण्डारीले अनलाइनखबरसँग भने। कांग्रेसबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले पनि आज बिहान कांग्रेसका राजीनामा दिएको बताए। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1975792/congress-ministers-in-karnali-provincial-government-resign**

## मनिष झाले भने- राज्यले नागरिकलाई आतंकित बनाउने होइन, यस्तो बचपना देखाएर राजकाज चल्छ ?

रास्वपाका नेता  मनिष झाले सञ्चार गृह र अन्य ठाउँमा गाडी राखेर अवरोध गरिएको प्रति घोर आपत्ति प्रकट गरेका छन्। उनले राज्य आफैंले आतङ्कित बनाउन नहुने धारणा राखेका छन्। नेता झाले बुधबार बिहान फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै लेखेका छन्, 'सञ्चार गृह र अन्य स्थानमा गाडी राखेर अवरोध गर्ने काम गलत हो। यसमा जो संलग्न छ, अनुसन्धान र कारबाही हुनुपर्छ।' नागरिकको चिन्ता निराकरण गर्न सुझाव दिँदै उनले थप लेखेका छन्, 'राज्यले नागरिकको चिन्ता निराकरण गर्ने हो। राज्यले आफैं थप आतङ्कित बनाउने हैन।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1975791/manish-jha-said-the-state-is-not-supposed-to-terrorize-citizens-but-is-it-possible-to-conduct-government-affairs-by-displaying-such-childishness**

## एमालेका चार मन्त्री बर्खास्त भएसँगै नयाँ गठबन्धनका लागि नेकपाले राख्यो सर्त

सुदूरपश्चिम प्रदेश सरकारबाट नेकपा(एमाले)का चार मन्त्री बर्खास्त भएसँगै नयाँ समीकरणको पहल सुरु भएको छ । यहीबिचमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मुख्यमन्त्री पद र बजेट पुनर्लेखनको सर्तमा नयाँ गठबन्धन बन्नसक्ने प्रतिक्रिया दिएको दिएको छ । यद्यपि यसबारे विस्तृतमा दलहरुसँग छलफल हुनै बाँकी रहेको नेताहरुको भनाइ छ । नेकपा सुदूरपश्चिम प्रदेशका सासंद अक्कल रावलले नयाँ गठबन्धनमा जान सकिने बताए । आफूहरुको सर्त कांग्रेस र एमाले जसले मान्छ उहीसँग सहकार्य हुन सक्ने उनले संकेत गरे । बाँकी... स्रोत : **https://www.ratopati.com/story/577512/with-the-dismissal-of-four-uml-ministers-the-ncp-has-set-conditions-for-a-new-alliance**

## देशभरि संवाद गर्दा पायौं- कांग्रेस १० वर्ष अँध्यारो बाटोमा हिँडेछ

सभापतिको हैसियतले पार्टीका सबै पक्षलाई मिलाउने र अपनत्व महसुस गराउने मुख्य जिम्मेवारी मेरो र यो कार्यसमितिको हो । पार्टीको विधि, विधान र प्रक्रियाभन्दा बाहिर जाने छुट कसैलाई छैन र हुनु हुँदैन । देशभरि संवाद गर्दा पायौं- कांग्रेस १० वर्ष अँध्यारो बाटोमा हिँडेछ । नेपाली कांग्रेसले निर्वाचनपश्चात् मतदाताको असन्तुष्टि बुझ्न र पार्टीको कमीकमजोरी पहिचान गर्न देशभर जरा अभियान सञ्चालन गरेको छ । कांग्रेसले सत्तामुखी राजनीति त्यागेर सिद्धान्तनिष्ठ प्रतिपक्षको भूमिका निर्वाह गर्ने तथा नागरिकका मुद्दालाई प्राथमिकता दिने नीति लिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976005/we-show-by-our-actions-this-is-a-changed-congress**

## सुदूरपश्चिम सरकारलाई दिएको समर्थन फिर्ता लिने एमालेको निर्णय

नेकपा एमालेले सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको छ । बुधबार मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश सरकारमा रहेका एमालेका मन्त्रीलाई बर्खास्त गरेका थिए । त्यसपछि आजै बसेको एमाले संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो । संसदीय दलको बैठकपछि एमाले दलका नेता राजेन्द्रसिंह रावलले मुख्यमन्त्री शाहले व्यक्तिका दम्भका आधारमा निर्णय गरेको आरोप लगाए । 'उहाँले दम्भ देखाउनुभयो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976149/umls-decision-to-withdraw-support-to-the-far-west-government**

## सुदूरपश्चिमका मुख्यमन्त्री शाहले गरे एमालेका चार मन्त्रीलाई बर्खास्त

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले एमालेका ४ मन्त्रीलाई बर्खास्त गरेका छन् । पदमुक्त हुनेमा भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्रबहादुर पाल, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री वीरबहादुर थापा र भौतिक पूर्वाधार विकास राज्यमन्त्री निर्मलादेवी साउद रहेका छन् । बजेटलाई लिएर सत्तारुढ दुई दलबीच खटपट चलिरहेको थियो । एमालेले आफैं सहभागी सरकारले ल्याएको बजेट अस्वीकार गरेका थिए । एमाले सांसदहरूले खर्च कटौतीको प्रस्तावसमेत दर्ता गराएका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/sudurpaschim-pradesh/2026/07/15/chief-minister-shah-dismisses-four-uml-ministers-09-41.html**

## नयाँ पुस्ताको उद्यम उडान

उद्यमशीलता अब ठूलो पुँजी वा परम्परागत व्यवसायमा मात्र सीमित छैन । आफैंले सिर्जना गरेका सीपलाई आधार बनाएर होस् वा नयाँ सीप सिकेर होस् अहिले नयाँ पुस्ताका केही युवा आफ्नै व्यवसाय सिर्जना गर्दै आत्मनिर्भरताको बाटो निर्माण गरिरहेका छन् । प्रायः युवा विदेश जाने सपना बुनिरहेका देखिन्छन् । नेपालमा विदेश जाने युवाहरूको लर्को पनि उत्तिकै देख्न सकिन्छ । तर त्यही भीडबीच केही त्यस्ता युवा पनि छन् । जो आफ्नै देशमा बसेर उद्योग गर्न अगाडि बढिरहेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/feature/2026/07/14/new-generation-enterprise-flight-19-22.html**

## स्कटिस राजधानीमा नेपालको झल्को

संयुक्त अधिराज्यको स्कटिस राजधानी सहर एडिनबराको केन्द्रमै अवस्थित वेष्ट प्रिन्स गार्डेनस्थित रोस ब्यान्डस्ट्यान्ड परिसरको माहोल सोमबार निकै पृथक थियो । दिनहुँ हजारौं देशी, विदेशी पर्यटक ओहोरदोहोर हुने पर्यटकीय केन्द्र दिनभर मिनी नेपालजस्तै बन्यो । संसारभरका पर्यटकहरु आकर्षित गर्ने प्रसिद्ध एडिनबरा क्यासलको काखैमा रहेको मैदान ध्वजापताकाले सिंगारिएको थियो । कार्यक्रमस्थल वरिपरि सजाइएका सगरमाथा र बुद्धका ठूलठूला तस्वीरअंकित ब्यानरले नेपाल झल्काइरहे । मौलिक नेपाली वेषभूषामा सजिएका सयौं मानिस, देउडादेखि भ्याउरेसम्मका संगीत, साकेला र लाखे नाचजस्ता प्रस्तुतिले स्कटल्याण्डभित्रै मिनी नेपालको झल्को दिलाए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1975785/a-glimpse-of-nepal-in-the-scottish-capital-photos**

## कानुनमन्त्रीले सभामुखलाई बुझाइन् सरकारले ल्याउँदै गरेका १६६ वटा विधेयकको सूची

सरकारले संसद्लाई विजनेशको अभाव हुन नदिने प्रतिबद्धता जनाएको छ । प्रतिनिधिसभा अन्तर्गतको कार्यव्यवस्था परामर्श समितिको बैठकमा सरकारको तर्फबाट कानुन न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले यस्तो प्रतिबद्धता जनाएकी हुन् । साथै मन्त्री गौतमले सरकारले ल्याउँदै गरेका १६६ वटा विधेयकको सूची सभामुख डोलप्रसाद अर्याललाई बुझाएकी छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1975994/law-minister-submits-list-of-166-bills-being-introduced-by-the-government-to-the-speaker**

## रविकै बोली रोक्ने सरकारको कार्यशैली

जेनजी आन्दोलनकै जगमा प्रधानमन्त्री बनेका बालेन आफ्ना निर्णय पुनर्विचार गर्ने पक्षमा देखिदैनन् । प्रधानमन्त्री बालेनका कारण रास्वपा र सभापति रवि जवाफहीन बन्दै आएका छन् । नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका नेताका तर्फबाट मंगलबारको प्रतिनिधि सभा बैठकलाई सम्बोधन गरेका युवराज दुलालले सरकारको कार्य सम्पादनमा असन्तुष्टि जनाउँदै रास्वपाका सभापति रवि लामिछानेप्रति व्यंग्य गरे । 'सामाजिक सञ्जालमा एउटा सानो भिडियोको अंश भाइरल छ- सरकार चलाएको एक सय दिनमा हामी देखाउँछौं कि सरकार कसरी चलाउने भन्ने,' दुलालले अगाडि भने, 'कसले भनेको हो, ठ्याक्कै याद भएन । तर सत्तारूढ दलकै शीर्ष नेता मध्ये पर्नुहुन्छ ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1975599/the-governments-style-of-blocking-ravis-speech**

## नेपालको विकास कूटनीति- दुई ढुंगा बीचको लालीगुराँस बन्न सक्ला ?

नेपालले आफ्नो मानव संसाधनलाई पनि अदक्षबाट अर्ध-दक्ष वा दक्ष बनाएर मात्र विदेशमा काम गर्न पठाउने नीति अवलम्बन गर्दा देश र नागरिक दुवैलाई फाइदा हुने स्पष्ट छहिामीले अन्तर्राष्ट्रिय रूपमा अदक्ष-श्रमिकबाट दक्ष-जनशक्तिको रूपमा आफ्नो छवि सुधार्ने सही समय हुन सक्छ यो । नेपाली जडीबुटीलाई कच्चा पदार्थको रूपमा निर्यात नगर्ने र अन्तिम उपभोग्य वस्तुको रूपमा मात्रै निर्यात गर्ने नीति अवलम्बन गर्न पनि यही सही समय हुन सक्छ जसले गर्दा नेपालीको आम्दानी र रोजगारीमा उल्लेख्य बढोत्तरी हुन सक्छ । जेहोस् अब अलमल नगरिकन नेपालले विकास कूटनीतितर्फ लम्कनुपर्छ । उपयुक्त समय आजै हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976274/nepals-development-diplomacy-can-it-become-a-bridge-between-two-rocks**

## व्यक्तिगत आयकर सीमा न्यूनतम १० लाखको प्रावधान शुक्रबारदेखि लागु

सरकारले वृद्धि गरेको आयकरको न्यूनतम सीमाको नयाँ प्रावधान शुक्रबारदेखि लागु हुँदैछ । आगामी आर्थिक वर्ष २०८३/८४ देखि सरकारले व्यक्तिका हकमा आयकरको न्यूनतम सीमा १० लाख पुऱ्याएको छ । नयाँ आव शुक्रबारदेखि सुरु हुँदैछ । सरकारले व्यक्तिगत आयकरको अधिकतम दरलाई १० प्रतिशत बिन्दुले घटाएको छ । अर्थ मन्त्रालयका अनुसार करको बोझ घटाउन आयको न्यूनतम सीमा बढाइएको हो । आर्थिक ऐन २०८३ अनुसार १० लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भए अब १ प्रतिशतमात्र कर लाग्ने छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976801/the-provision-of-minimum-personal-income-tax-limit-of-rs-10-lakh-will-come-into-effect-from-friday**

## सरकारी कर्मचारीको बढेको तलब भोलिदेखि कार्यान्वयनमा

सरकारले बजेट मार्फत गरेको निजामती र सार्वजनिक सेवामा रहेका कर्मचारीको तलब बढाउने घोषणा १ साउन शुक्रबारदेखि कार्यान्वयनमा आउँदै छ । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा यस्तो घोषणा गरिएको थियो । बजेट मार्फत कर्मचारीको आधारभूत तलब १० प्रतिशतले बढ्ने घोषणा गरिएको थियो । साथै, बजेटमा कार्य सम्पादनमा आधारित पारिश्रमिक प्रणाली सुरुवात गर्न नयाँ तलबमानको मासिक १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ । यी दुई व्यवस्था मार्फत कुल २१ प्रतिशत पारिश्रमिक बढ्दै छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976811/increased-salaries-for-government-employees-to-be-implemented-from-tomorrow**

## 'म उद्यमी' ट्रेडमार्क ब्रान्डलाई स्थपित गराउने महिला उद्यमीको आग्रह प्रधानमन्त्रीले गरे स्वीकार

प्रधानमन्त्री बालेन शाहले नेपालका महिला उद्यमीहरूको उद्यमशीलता विकासका लागि आवश्यक कुनै पनि सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्द । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज महिला उद्यमी महासंघ नेपालका पदाधिकारीहरूसँगको छलफलमा उनले महिला उद्यमीहरूका सबै व्यवधान हटाउन सरकार जुटिरहेको र उत्पादित वस्तुहरू हरेक पर्यटकीय स्थलहरूमा प्रवर्द्धन गर्ने वातावरण मिलाउने जानकारी गराए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1976784/prime-minister-accepts-request-of-female-entrepreneur-to-establish-i-am-an-entrepreneur-trademark-brand**

## 'गण्डकीको मुख्यमन्त्रीमा हाम्रो दाबी रहन्छ'

प्रदेशहरूमा सत्ता समीकरण परिवर्तनको चर्चा भइरहँदा गण्डकी प्रदेशमा पनि यसबारे बहस सुरु भएको छ। यसै सन्दर्भमा प्रमुख प्रतिपक्षी दलको भूमिकामा रहेको नेपाल कम्युनिस्ट पार्टी (तत्कालीन माओवादी केन्द्र) का संसदीय दलका नेता हरिबहादुर चुमानले नेकपालाई अब सरकारको नेतृत्व दिनुपर्ने सर्त अघि सारेका छन्। प्रस्तुत छ, उनीसँगको छोटो कुराकानीको अंश: राजनीतिमा विकसित नयाँ समीकरणको विषयलाई गण्डकी प्रदेशमा मुख्य प्रतिपक्षी दलको हिसाबले कसरी हेरिरहनुभएको छ ? बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/577784/our-claim-to-the-chief-minister-of-gandaki-remains](https://www.ratopati.com/story/577784/our-claim-to-the-chief-minister-of-gandaki-remains)**

## पूर्वमुख्यमन्त्री शाक्यको आकस्मिक रुपमा 'एन्जियोप्लाष्टी' शल्यक्रिया

मुटुसम्बन्धी समस्याका कारण बागमती प्रदेशका पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्यको आकस्मिक रुपमा 'एन्जियोप्लाष्टी' शल्यक्रिया गरिएको छ। नेकपा (एमाले) का पूर्वउपाध्यक्ष शाक्यको आज बिहान पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शल्यक्रिया गरिएको हो। हाल नेत्री शाक्यको सघन उपचार कक्षमा उपचार भइरहेको छ। अस्पतालका मुटुरोग विभागका प्रमुख डा.अशोक अधिकारीका अनुसार नेत्री शाक्यलाई बिहान छाती दुखेका कारण अस्पताल ल्याइएकामा परीक्षणबाट 'हार्ट अट्याक (एक्युट मायोकोर्डियल इन्फरक्सन' भएकाले 'एन्जियोप्लाष्टी' गरिएको हो। बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/577753/former-chief-minister-shakya-undergoes-emergency-angioplasty-surgery](https://www.ratopati.com/story/577753/former-chief-minister-shakya-undergoes-emergency-angioplasty-surgery)**

## पुँजीगत खर्च ४६.७९ प्रतिशत मात्रै

आर्थिक वर्ष २०८२/८३ मा सरकारले पुँजीगत खर्चका लागि छुट्याएको बजेटको आधा रकम पनि खर्च गर्न सकेन। सरकारले ४ खर्ब ७ अर्ब ८८ करोड ८० लाख रुपैयाँ पुँजीगत खर्च छुट्याएकामा ३१ असारसम्म १ खर्ब ९० अर्ब रुपैयाँ मात्र खर्च भएको छ। यो वार्षिक लक्ष्यको ४६.७९ प्रतिशत मात्र हो। आव २०८२/८३ को पुँजीगत खर्च ६ वर्षयताकै कम हो। बाँकी...

स्रोत : **[https://ekantipur.com/business/2026/07/17/capital-expenditure-only-4679-percent-15-43.html](https://ekantipur.com/business/2026/07/17/capital-expenditure-only-4679-percent-15-43.html)**

## फौजदारी धरपकडमा आक्रामक : नियमसंगत कि नियतवश ?

'हाम्रा गृहमन्त्रीज्यूलाई 'क्विक एक्सन मिनिस्टर' भन्न चाहन्छु। उहाँ अत्यन्तै क्विक एक्सन लिनु हुन्छ।' श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङ (हर्कराज राई)ले संसद्मै गृहमन्त्री सुधन गुरुङलाई क्विक एक्सन मिनिस्टरको उपमा दिए। माइतीघरमा धर्ना बसेकाहरूलाई न्याय दिने सन्दर्भमा साम्पाङले सुधनलाई क्विक एक्सन मन्त्रीको रूपमा चित्रित गरेका थिए। बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/07/1966923/aggressiveness-in-criminal-arrest-legal-or-intentional](https://www.onlinekhabar.com/2026/07/1966923/aggressiveness-in-criminal-arrest-legal-or-intentional)**

## व्यवसाय गर्ने कि देश छाड्ने ?

कानुनी र मानसिक उत्पीडन सहन नसकेपछि यी व्यवसायीहरू आफ्नो बाँकी पुँजी, अनुभव र क्षमता समेटेर दुबई, कतार, भारत र अन्य खाडी तथा युरोपेली मुलुकहरूमा पलायन हुन बाध्य हुनेछन् । वर्तमान समयमा नेपाली युवामाझ एउटा गम्भीर प्रश्न उब्जिएको छ- 'स्वदेशमै बसेर उद्यम गर्ने कि देश छाडेर पलायन हुने ?' युवाहरूलाई स्वदेशमै रोक्ने र रोजगारी सिर्जना गर्ने दाबी गरिरहेको राज्यका नीतिहरू भने ठीक उल्टो देखिन्छन् । हालै शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा अघि सारिएको 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा नियमावली, २०८३' का प्रावधानहरूले शैक्षिक परामर्श (कन्सल्टेन्सी) क्षेत्रलाई नियमन गर्ने बहानामा चरम करकाप र त्रासमा धकेलेको छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/503672/**

## गैरआवासीय नेपालीलाई बैंक खाता खोल्न राष्ट्रिय परिचय पत्र अनिवार्य नहुने

परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपालीले नेपालमा बैंक खाता सञ्चालन तथा केवासी भर्दा राष्ट्रिय परिचय पत्र वा राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य नभएको भन्दै सोही अनुसार व्यवस्था गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र नेपाल राष्ट्र बैंकलाई अनुरोध गरेको छ । मन्त्रिपरिषद्को २४ जेठ २०८१ को बैठक र १० असार २०८१ को राजपत्रमा प्रकाशित सूचनालाई आधार मान्दै खाता खोल्ने व्यवस्था गर्न भनिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977643/national-identity-card-will-not-be-mandatory-for-non-resident-nepalis-to-open-a-bank-account**

## शिक्षामा समता शुल्क कार्यान्वयन भोलिदेखि, २६ लाख विद्यार्थीका अभिभावकमा थप भार

सरकारले शिक्षामा लगाएको समता शुल्क भोलि शुक्रबारदेखि कार्यान्वयनमा आउँदै छ । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले शिक्षामा ३ प्रतिशत समता शुल्क थप गरेको छ । जुन १ साउनदेखि कार्यान्वयनमा आउने छ । यसबाट निजी विद्यालयमा अध्ययनरत २६ लाखभन्दा धेरै विद्यार्थीका अभिभावकमा आर्थिक भार थप्दै छ । आर्थिक ऐन अनुसार निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा अब सरकारले ३ प्रतिशत समता शुल्क लगाउँदै छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977072/implementation-of-parity-fee-in-education-from-tomorrow-additional-burden-on-parents-of-2-6-million-students**

## छोरीको पहिलो संस्कारमै विभेद किन ?

न्वारन एक महत्त्वपूर्ण संस्कार हो भने किन आज पनि कर्णालीका केही स्थानमा छोरीको न्वारन गरिँदैन ? कर्णालीमा अवशेषका रूपमा रहेका छाउपडी र बालविवाह असमान सोचका फरक-फरक स्वरूप हुन् । हिन्दु धर्मका सोह्र संस्कारमध्ये पहिलो औपचारिक संस्कार हो- न्वारन । नवजात शिशु जन्मिएपछि कुल परम्परा र स्थानीय चलनअनुसार एघारौं, बाह्रौं वा एक्काइसौं दिनमा गरिने यो संस्कार नामकरण मात्रै होइन- शिशुलाई धार्मिक, सामाजिक र सांस्कृतिक रूपमा स्वीकार गर्ने पहिलो विधि पनि हो । हिन्दु धार्मिक मान्यताअनुसार, न्वारनपछि परिवार शुद्ध भई धार्मिक तथा सामाजिक कार्य सुरु गर्न मिल्ने विश्वास छ । बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/07/16/why-is-there-discrimination-in-a-daughters-first-ritual-55-03.html**

## जातीय विभेद सधैँका लागि अन्त्यको माग गर्दै माइतीघरमा प्रदर्शन

जातीय विभेद सधैँका लागि अन्त्य हुनुपर्ने माग राख्दै जातीय छुवाछुत विरुद्धको अभियानले काठमाडौँमा प्रदर्शन गरेको छ । मान्छेले मान्छेमाथि गर्ने जातीय विभेद सधैका लागि अन्य गर्न सवै गम्भीर हुनुपर्ने भन्दै अभियानले शनिबार काठमाडौँमा प्रदर्शन गरेको हो । प्रदर्शनमा सहभागीहरूले दलित समुदायले हिजोका दिनमा ऐतिहासिक रूपमा राजनीतिक आन्दोलन गरेकै मुलुकमा नयाँ व्यवस्था बनेपनि अहिले दलित समुदायका मुद्दालाई बेवास्ता गर्ने काम भएको गुनासो गरेका थिए ।
**https://www.onlinekhabar.com/2026/07/1978114/protest-at-maitighar-demanding-an-end-to-caste-discrimination-forever**

## चर्चित हुने चक्कर

चर्चित हुँदैमा निकै ठुलो भइन्छ भन्ने ठानेर देखावटी, काल्पनिक एवं भ्रामक सूचना शैली र सोचका कारण समाजले अत्यन्त क्रूर, अमानवीय र हिंसात्मक गतिविधिको सामना गर्नुपर्ने भएको छ। दिनानुदिन मानिस सामाजिक सञ्जालको दुरुपयोगका कारण दुर्घटनाको सिकार हुन बाध्य छन् । यसलाई सही समयमा सही तरिकाले प्रयोग कसरी गर्ने भन्ने सोच्नुको सट्टा चर्चित हुनकै निम्ति महत्वाकाङ्क्षी कदम चाल्ने, क्षणिक सम्मान कमाउने प्रलोभनमा फस्ने र महत्वाकाङ्क्षी सोच राख्ने गरेका कारण विभिन्न खालका घटना भइरहेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/214869**

## संसद्मा मागिएको माफीपछि के बदलियो ?

गणेश नेपालीकी छोरीले भोलि एउटा प्रश्न सोध्नेछिन्- 'मेरो बाबालाई न्याय भयो ?' त्यो प्रश्नको उत्तर इतिहासले होइन प्रधानमन्त्रीज्यू, तपाईं र तपाईंको सरकारले दिनुपर्नेछ । मैले प्रधानमन्त्रीलाई 'प्रिय' भनेर सम्बोधन गर्नुको अर्थ अहिलेको राजनीतिलाई समर्थन गरेको भने पक्कै होइन । 'प्रिय' भनेर सम्बोधन गर्नु कुनै राजनीतिक समर्थन होइन । दुई दशकभन्दा बढी समयदेखि 'नेपालमा युवाले नेतृत्व गर्नुपर्छ' भन्ने आवाज उठाउँदै आएको व्यक्ति, युवा नीति निर्माण प्रक्रियामा सहभागी भएको र विश्वभर युवाका सवाल उठाउँदै आएको नागरिकका रूपमा, एउटा युवा प्रधानमन्त्री बन्नु मेरो लागि आशाको विषय थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/07/1977188/what-changed-after-the-apology-in-parliament**

## पहिलो प्राथमिकता पदाधिकारी नियुक्ति, त्यसपछि हडपेको जग्गा खाली गर्ने

त्रिभुवन विश्वविद्यालयको उपकुलपति प्राडा भोला थापाले तत्काल दुई पदाधिकारी नियुक्ति गर्ने बताउनुभएको छ । करिब दुई साताअघि उपकुलपतिको बागडोर सम्हाल्नुभएका उपकुलपति प्राडा थापाले शिक्षाध्यक्ष र रजिस्टार नियुक्ति प्रक्रिया अघि बढाउने बताउनुभयो । दुई पदाधिकारीसहित कार्यकारी परिषद् पूर्ण नभएको अवस्थामा बजेट तयार हुन सकेको छैन । जेठमा तयार हुनुपर्ने बजेट साउन लाग्दासमेत सुरु भएको छैन । उपकुलपति थापाले पदाधिकारी नियुक्ति लगत्तै बजेट निर्माण प्रक्रिया अघि बढ्ने दाबी गर्नुभयो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/07/17/777889/**

## कर्मचारीको तलब न्यूनतम ४० हजारदेखि १ लाख रुपैयाँभन्दा माथि

सरकारले राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन र महँगीको चापलाई सम्बोधन गर्न तलबमानमा उल्लेख्य वृद्धि गरेको छ । जुन वृद्धि आजदेखि नयाँ आर्थिक वर्ष २०८३/०८४ सुरु भएसँगै कार्यान्वयनमा गएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/577944/employee-salary-ranges-from-minimum-40-thousand-to-above-1-lakh-rupees**

## यस्तो छ आजदेखि कार्यान्वयन भएको सरकारको नयाँ कर नीति

शुक्रवारदेखि नयाँ आर्थिक वर्ष २०८३/८४ सुरु भएको छ । नयाँ आर्थिक वर्ष सुरु भएसँगै सरकारले ल्याएको बजेट, नीति तथा कार्यक्रम र राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीति कार्यान्वयनमा आएको छ । सरकारले कतिपय पुराना कर हटाएर सहुलियत दिएको छ भने केही नयाँ कर नीति पनि थपेको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/577949/this-is-the-governments-new-tax-policy-implemented-from-today**

## कानुन मन्त्रालयले किन रोकिरहेको छ निजामती विधेयक ?

वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले ल्याउने तयारी गरेको 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रोकिएको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत जेठ १२ गते पठाएको विधेयक अहिलेसम्म कानुन मन्त्रालयले फिर्ता नपठाएको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/577758/why-is-the-law-ministry-blocking-the-civil-service-bill**

## संस्कृति इन्टरनेशनल स्कुल र पञ्चकन्या माविबीच सहकार्य, फ्याब ल्याबमा निःशुल्क विशेष कक्षा सञ्चालन गरिने

नवीन तथा व्यवहारिक शिक्षालाई प्रवर्द्धन गर्ने उद्देश्यले संस्कृति इन्टरनेशनल स्कुल (ठूलोभर्याङ) र स्थानीय सामुदायिक विद्यालय पञ्चकन्या माध्यमिक विद्यालय (छाउनी) बीच सहकार्य भएको छ । सहकार्यअन्तर्गत पञ्चकन्या माध्यमिक विद्यालयका विद्यार्थीलाई संस्कृति इन्टरनेशनल स्कुलको फ्याब ल्याबमा निःशुल्क विशेष कक्षा सञ्चालन गरिनेछ । शैक्षिक वर्षभर सञ्चालन हुने यस कार्यक्रममा विद्यार्थीलाई थ्रीडी प्रिन्टिङ, कोडिङ तथा कृत्रिम बौद्धिकता, रोबोटिक्स, फोटोग्राफी, भिजुअल इफेक्ट्स लगायतका (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) विषयमा व्यवहारिक सिकाइ प्रदान गरिनेछ । बाँकी...

स्रोत : **https://www.technologykhabar.com/2026/07/13/247296/**